लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23, Aug/Sep, 2023)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	लेखापरीक्षण सल्लाहकार समितिको बिसौं बैठक सम्पन्न	३
२	वातावरणीय लेखापरीक्षण तथा त्यस सम्बन्धी कार्य समूहको नवौं सेमिनार र बैठकमा सहभागिता	५
३	कार्यवाहक महालेखापरीक्षकबाट जारी निर्देशन	७
४	नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँगको अन्तरक्रिया	१३
५	६५ औं वार्षिकोत्सव समारोह सम्पन्न	२०
६	महालेखापरीक्षकको कार्य योजना कार्यान्वयन उपलब्धि सार्वजनिक	३०

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

संरक्षक
कार्यवाहक महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री वामदेव शर्मा अधिकारी

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी

सदस्य
निर्देशक
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री विधान अर्याल

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री बैकुण्ठ बहादुर अधिकारी
सम्पर्क : ९८५१३५४००७
ईमेल : bktadh@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४०२६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

कार्यपालिकीय कार्यहरु स्वतन्त्र, निष्पक्ष, तटस्थ तथा विश्वसनीय ढंगबाट सम्पादन भएको सुनिश्चितताका लागि निगरानी तथा मुल्याङ्कन गरी राष्ट्र प्रमुख समक्ष प्रतिवेदन पेश गर्न संविधानमै व्यवस्था गरी काम, कर्तव्य र अधिकार स्पष्टता सञ्चालन गरिएका सांगठनिक संरचनाहरु नै संवैधानिक निकाय हुन । संवैधानिक निकायहरु संसदीय शासन प्रणालीका उपज मानिन्छन । राज्य सञ्चालन प्रणालीमा संवैधानिक निकायहरूले संविधानवाद, कानूनको शासन, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई प्रभावकारी बनाउन भूमिका खेलिरहेका हुन्छन। नेपालमा सार्वजनिक पद धारण गरेको पदाधिकारीबाट भ्रष्टाचार गरी अधिकारको दुरुपयोग गरेको अनुसन्धान गर्न, सरकारी आयव्यय हिसावको परीक्षण गर्न, सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्न, निर्वाचन सम्बन्धी काम गर्न, मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, तहगत सरकारमा सार्वजनिक स्रोतसाधनको वाँडफाँड सम्बन्धी ढाँचा तयार गर्न लगायत महिला, दलित, आदिबासी लगायतका कार्यसम्पादन गर्न संवैधानिक निकायको व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ३०६ को उपधारा १ को ७ ले परिभाषित गरे अनुसार नेपालमा १३ संवैधानिक निकायहरु रहेका छन । संसारका विभिन्न मुलुकहरुमा आआफ्नै ढाँचाका यस्ता संवैधानिक निकायहरुको व्यवस्था गरिएको छ।

सरकारको आर्थिक कारोवारको परीक्षण गर्न सबैजसो मुलुकहरुले सर्वोच्च लेखापरीक्षण संस्थाको व्यवस्था गरे पनि तिनीहरुको ढाँचामा भने

बाँकी पृष्ठ २९ मा

कार्यवाहक महालेखापरीक्षकज्यूको सन्देश



महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण र लेखापरीक्षकको क्षमता विकासको माध्यमबाट राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा उपलब्ध गराउने उद्देश्यका साथ कार्यान्वयनमा रहेको चौथो रणनैतिक योजना (२०२१-२०२५) मा उल्लिखित महालेखापरीक्षकको कार्यालयको मूल्य मान्यताहरु स्वतन्त्रता, निष्ठा, पारदर्शिता, जवाफदेहिता र व्यावसायिकताको माध्यमबाट लेखापरीक्षण गुणस्तरमा सुधार लेखापरीक्षण प्रभाव अभिवृद्धि आन्तरिक सु-शासन सुदृढीकरण, स्वतन्त्रता अभिवृद्धि, संस्थागत तथा व्यावसायिक सक्षमता सुदृढ, वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन र सरोकारवालासँगको सम्वन्धमा थप सुधार गर्ने लक्ष्य राखिएको छ। कार्यालयले उक्त लक्ष्यहरु हासिल गर्न उपयुक्त कार्य वातावरण सहितको आवश्यक पूर्वाधारयुक्त आधुनिक भवन निर्माण सम्पन्न गरेको छ भने जोखिममा आधारित लेखापरीक्षण योजना प्रणालीको कार्यान्वयन, ईन्टोसाई लेखापरीक्षण मानदण्डको अनुशरण, लेखापरीक्षणमा सूचना प्रविधिको उच्चतम प्रयोग, कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागितालाई प्रोत्साहित गरिँदै आएको छ । त्यसैगरी, स्थलगत लेखापरीक्षणलाई आर्थिक कारोवार, पूर्वाधार विकास, सामाजिक सेवा एवं सेवा प्रवाह सम्वन्धी तथ्यांक तथा सूचना र सान्दर्भिक प्रमाणहरुको संकलन एवं विश्लेषणमा केन्द्रीत गर्दै लेखापरीक्षण राय सहितको लेखापरीक्षण प्रतिवेदन प्रदान गरी तीनै तहका सरकार र सार्वजनिक निकायलाई सर्वसाधारण नागरिकप्रति उत्तरदायी बनाई उनीहरुको जीवनमा सकारात्मक प्रभाव ल्याउने भूमिका खेल्न सक्नु पर्दछ। लेखापरीक्षणको यसै मूल मर्म र अभिष्टतालाई साकार तुल्याउन सरकारी लेखापरीक्षण मानदण्डमा आधारित वित्तीय, परिपालना र कार्यमूलक लेखापरीक्षणका अतिरिक्त सूचना प्रविधि लेखापरीक्षण, विपद व्यवस्थापन, वातावरणीय र दीगो विकास लक्ष्यको कार्यान्वयन स्थितिको मूल्यांकन जस्ता विशेष लेखापरीक्षणका नविनतम अवधारणामा समेत जोड दिन थालिएको छ । लेखापरीक्षण कार्यमा गुणस्तर कायम गर्न लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन, अनुगमन, सुपरिवेक्षण लगायत लेखापरीक्षणका समग्र पक्ष र प्रक्रियामा गुणस्तर नियन्त्रण प्रणाली निरन्तर क्रियाशील तथा कामयावी हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा यस कार्यालयको दुई पटकसम्म अन्तर्राष्ट्रिय समकक्षीबाट पुनरावलोकन सम्पन्न गरी प्राप्त भएको प्रतिवेदनलाई कार्यालयको रणनैतिक योजना तर्जुमाको मार्गदर्शक बनाएको छ ।

बाँकी पृष्ठ १६ मा

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

लेखापरीक्षण सल्लाहकार समितिको बिसौँ वैठक सम्पन्न



कार्यवाहक महालेखापरीक्षकबाट लेखापरीक्षण सल्लाहकार समितिको बिसौँ बैठक प्रारम्भ गर्नुहुँदै । साथमा लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु र अन्य पदाधिकारीहरु ।

२१ भाद्र, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको २० औँ बैठक महालेखापरीक्षकको कार्यालय, अनामनगरमा सम्पन्न भयो । बैठक मुख्यत: यो वर्षको वार्षिक लेखापरीक्षण नीति, योजना तथा कार्यक्रमका विषयहरुमा केन्द्रीत रहेको थियो । वैठकको प्रारम्भ कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले वैठकका कार्यसूचीहरु प्रस्तुत गरी यो वर्ष महालेखापरीक्षकको कार्यालयले समग्र लेखापरीक्षण व्यवस्थापन प्रणाली सुधारलाई निरन्तरता दिदै त्यसको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिएको बताउनु भएको थियो । उहाँले लेखापरीक्षण कार्यमा खटिने कर्मचारीहरुको पेशागत मूल्य, मान्यता, आचरण र व्यवहारमा सुधार ल्याउन तथा प्रतिवेदनको गुणस्तर र विश्वसनीयता अभिवृद्धिको लागि यो वर्षको प्रथम चरणको डोर खटिनु अघि सवै कर्मचारीलाई ११ विषयका ८१ वुँदामा निर्देशन दिएको तथा तिनीहरुको कार्यान्वयन अवस्थाको निरन्तर अनुगमनको प्रवन्ध मिलाईएको बताउनु भयो । उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री वामदेव शर्मा, अधिकारीले लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, विधि, सीमाका अतिरिक्त यो वर्षको वार्षिक लेखापरीक्षण योजना तथा कार्यक्रम समेटिएको विस्तृत विवरण प्रस्तुत गर्नु भएको थियो ।

वैठकमा सल्लाहकार समितिका पदाधिकारीहरुले लेखापरीक्षण प्रतिवेदनको गुणस्तर सुधार गरी त्यसको विश्वसनियता अभिवृद्धिमा विशेष ध्यान दिनुपर्ने, कर्मचारीहरुको पेशागत आचार संहिता पालनाको नियमित र सुक्ष्म अनुगमन गर्नुपर्ने, पुरस्कार तथा दण्ड व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने, वित्तीय तथा परिपालना लेखापरीक्षणका अतिरिक्त सार्वजनिक श्रोतसाधनको उपयोग र प्राप्त उपलब्धि सम्वन्धी कार्यमूलक लेखापरीक्षणमा जोड दिनुपर्ने, आयोजनाको कार्यान्वयनबाट लक्षित वर्गमा परेको प्रभावको मूल्यांकन तथा विश्लेषण गर्न आयोजनाको Post Evaluation Audit प्रारम्भ गर्नुपर्ने, सार्वजनिक लेखासमितिसँगको निरन्तर संवाद र छलफलको माध्यमबाट वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुने व्यवस्था मिलाउनु पर्ने, महालेखापरीक्षकको कार्यालयको संस्थागत तथा कर्मचारीको क्षमता विकास कार्यक्रमलाई सुदृढ तुल्याउनुपर्ने, सार्वजनिक संस्थानहरुले प्रतिस्पर्धात्मक ढंगबाट वस्तु तथा सेवा खरिद गरे नगरेको विषयलाई प्राथमिकताकासाथ परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने, जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई थप वस्तुपरक बनाउनु पर्ने, दीगो विकास, जलवायु परिवर्तन तथा वातावरणीय लेखापरीक्षण जस्ता विविध लेखापरीक्षणमा ध्यान दिनुपर्ने, आन्तरिक लेखापरीक्षणलाई कारोवारको नियमितताको परीक्षणमा लगाएर अन्तिम लेखापरीक्षण कार्यलाई महत्वपूर्ण विषयमा केन्द्रीत गर्दै कार्यमूलक लेखापरीक्षणमा जोड दिनु पर्ने बताउनु भएको थियो । त्यसैगरी लेखापरीक्षण सल्लाहकार समितिका पदाधिकारीहरुले राष्टिय महत्वका विषयहरुलाई वार्षिक लेखापरीक्षण प्रतिवेदनले अझै ठोस र वस्तुपरक विश्लेषण गरी निरन्तर उजागर गर्नुपर्ने आवश्यकता माथि जोड दिनु भएको थियो ।

कार्यालयले लेखापरीक्षण सल्लाहकार समितिको वैठक सम्बन्धी कार्यक्रमलाई २०७० सालदेखि प्रारम्भ गरी यसलाई निरन्तरता प्रदान गर्दै आएकोमा यो वैठकले राष्ट्रिय सतर्कता केन्द्र, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रतिनिधित्वलाई सुनिश्चित गर्ने निर्णय गरेको छ । कार्यक्रमको अन्त्यमा, कार्यवाहक महालेखापरीक्षकज्यूले सल्लाहकार समितिको वैठकमा उपस्थित भई सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा सुधार ल्याउन अमुल्य सुझाउ एवं मार्गदर्शन प्रदान गर्नु भएकोमा सल्लाहबाट समितिका सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्दै सुझाव कार्यान्वयनलाई कार्यालयले प्राथमिकता दिने बताउनु भएको थियो ।

समिति गठन

१९ भाद्र, २०८०

नेपालको संविधानको धारा २४१ अनुसार महालेखापरीक्षकबाट तीन तहका सरकारका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण हुने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० को अन्तिम लेखापरीक्षण गर्नका लागि वार्षिक लेखापरीक्षण योजना, २०८० मिति २०८०।०३।१० गते स्वीकृत गरिसकेको छ । यसले यो वर्षको लेखापरीक्षण सम्वन्धी विस्तृत नीति, योजना तथा कार्यक्रम सहितको समग्र लेखापरीक्षण प्रणालीको खाका प्रदान गरेको छ । कार्यालयले गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गरी वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको सन्दर्भमा लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमन तथा मूल्यांकनका क्रियाकलापहरुलाई सुव्यवस्थित तथा प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत प्रवन्धहरु गर्दै आएको छ । उल्लिखित पक्षहरुलाई ध्यान दिइ कार्यालयले यो वर्ष देहाय बमोजिमका समितिहरु गठन गरी कार्यसम्पादन प्रभावकारी बनाउने लक्ष्य लिएको छ ।

सि.नं.	समितिको नाम	सदस्य
१	साई पि.एम.एफ. प्रतिवेदन कार्यान्वयन सुझाव समिति	संयोजक नायव महालेखापरीक्षक श्री नारायण एम.सी. सदस्य निर्देशक श्री शिव प्रसाद आचार्य सदस्य निर्देशक श्री लोकनाथ घिमिरे सदस्य निर्देशक पार्वती कडेँल सदस्य निर्देशक श्री रोशन दास सदस्य सचिव निर्देशक श्री जितेन्द्र श्रेष्ठ
२	यु.एस.ए.आई.डि. सहयोग व्यवस्थापन समिति	संयोजक उपमहालेखापरीक्षक श्री पदमराज पौडेल सदस्य नायव महालेखापरीक्षक श्री श्रीकुमार राई सदस्य नायव महालेखापरीक्षक श्री नेत्र कुमार खत्री सदस्य नायव महालेखापरीक्षक श्री हुमनाथ सुवदी सदस्य निर्देशक श्री कल्पना घिमिरे सदस्य सचिव निर्देशक श्री प्रमोद कुमार मण्डल
३	आई एम एफ आयोजना व्यवस्थापन समिति	संयोजक नायव महालेखापरीक्षक श्री बालकृष्ण थापा सदस्य नायव महालेखापरीक्षक श्री नारायण प्रसाद पराजुली सदस्य नायव महालेखापरीक्षक श्री श्याम प्रसाद भण्डारी सदस्य निर्देशक श्री ध्रुवराज भुषाल सदस्य निर्देशक श्री प्रेम बहादुर मुङ्गमेन सदस्य सचिव निर्देशक श्री सर्वदा पण्डित
४	रणनीतिक योजना कार्यान्वयन मूल्याङ्कन समिति	संयोजक नायव महालेखापरीक्षक श्री घनश्याम पराजुली सदस्य नायव महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे सदस्य निर्देशक श्री लक्ष्मण आचार्य सदस्य निर्देशक श्री थवराज अधिकारी सदस्य निर्देशक श्री टिकानाथ अर्याल सदस्य लेखापरीक्षण अधिकारी श्री भावना पौडेल सदस्य सचिव लेखापरीक्षण अधिकारी श्री भीमप्रसाद रिजाल
५	गुणस्तर आश्स्वतता पुनरावलोकन समिति	संयोजक नायव महालेखापरीक्षक श्री शंकर प्रसाद पन्थी सदस्य नायव महालेखापरीक्षक श्री जयराम घिमिरे सदस्य सचिव निर्देशक श्री लेख प्रसाद लामिछाने सदस्य निर्देशक श्री रामचन्द्र पौडेल सदस्य निर्देशक श्री नीरप्रसाद सुवेदी सदस्य निर्देशक श्री कल्पना अर्याल सदस्य सचिव श्री पिंकी कुमारी दास
६	आयोजना हिसाब लेखापरीक्षण समन्वय समिति	संयोजक उपमहालेखापरीक्षक श्री पदमराज पौडेल सदस्य नायव महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी सदस्य निर्देशक श्री सत्यनारायण थापा सदस्य निर्देशक श्री प्रकाश कुमार खत्री सदस्य निर्देशक श्री छिरिङ तोप्के लामा सदस्य निर्देशक श्री सुशिलराज खनाल सदस्य लेखापरीक्षण अधिकारी श्री निषभ शाक्य सदस्य लेखापरीक्षण अधिकारी श्री कृष्ण भट्ट सदस्य सचिव श्री निलम शाह
७	कार्यमुलक लेखापरीक्षण तथा आई.डि.आई. सञ्चार समिति	संयोजक नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी सदस्य निर्देशक श्री घनश्याम काफ्ले सदस्य निर्देशक श्री रामप्रसाद उपाध्याय सदस्य निर्देशक श्री कृष्णप्रसाद ज्ञवाली सदस्य निर्देशक श्री उमेश सुवेदी सदस्य निर्देशक श्री रामचन्द्र ओझा सदस्य निर्देशक श्री कमलराज अर्याल सदस्य सचिव निर्देशक श्री सिर्जना रिमाल
८	आचार संहिता अनुगमन तथा गुनासो सुनुवाई समिति	संयोजक उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी सदस्य नायव महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी सदस्य निर्देशक श्री पशुपति कुमार काफ्ले सदस्य निर्देशक श्री रचना प्रधान सदस्य सचिव लेखापरीक्षण अधिकारी श्री सुभाष भट्ट

सि.नं.	समितिको नाम	सदस्य
९	संस्थागत सम्बन्ध तथा व्यवस्थापन समिति	संयोजक नायव महालेखापरीक्षक श्री ईन्द्रप्रसाद आचार्य सदस्य निर्देशक श्री महेश पौडेल सदस्य निर्देशक श्री रमेश सुवेदी सदस्य निर्देशक श्री मुकुन्द घिमिरे सदस्य निर्देशक श्री विष्णुराज रिजाल सदस्य सचिव निर्देशक श्री नमुना पाण्डे श्री ट्रेड यूनियन प्रतिनिधिहरु ।
१०	प्राविधिक समिति	

वातावरणीय लेखापरीक्षण तथा त्यस सम्बन्धी कार्य समूहको नवौं सेमिनार र वैठकमा सहभागिता



महालेखापरीक्षकको कार्यालयका कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले र काजाख्तानका सर्वोच्च लेखापरीक्षण संस्थाका (The Supreme Audit Chamber of the Republic of Kazakhstan) प्रमुख Chairwoman, Natalya Godunova बीच २३ अगस्ट, २०२३ मा लेखापरीक्षणको अनुभव आदान प्रदान गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्नुहुँदै ।

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एशियाली संगठन (एसोसाई) द्वारा सन् २०२३ अगष्ट २३ देखि २५ सम्म काजाख्तानको राजधानी अस्तानामा आयोजित वातावरणीय लेखापरीक्षण तथा त्यस सम्बन्धी कार्य समूहको नवौं सेमिनार वैठक (9th Seminar on Environmental Auditing and 9th working Meeting of ASOSAI WGEA) मा नेपालका कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा नेपाल सहित चीन, भारत, पाकिस्तान, मलेसिया, इन्डोनेशिया, भियतनाम, रसिया, टर्की, कुवेत, काजाख्तान, फिनल्याड, जोर्डन, मोरक्को, उज्वोकिस्तान, थाइल्याण्ड र फिलिफिन्स गरी १७ देशका २६ जनाको सहभागिता रहेको थियो । सो कार्यक्रम उद्घाटनको अवसरमा काजाख्तानाको सर्वोच्च लेखापरीक्षण संस्थाको प्रमुख Godunova Natalya ले स्वागत मन्तव्य दिनु भएको थियो भने Mr. Li Feng, Deputy Auditor General of SAI China, The Chair of ASOSAI WGEA ले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उक्त कार्यक्रममा INTOSAI का अध्यक्ष तथा कोर्ट अफ ट्राईवल ब्राजिलका प्रेसिडेन्ट Mr. Bruno Dantas, Minister of the Federal Court of Accounts of Brazil ले video message बाट शुभकामना दिनु भएको थियो । त्यस्तै, काजाख्तानका पर्यावरण तथा प्राकृतिक स्रोत सम्बन्धी मन्त्री Zulfiya Suleimenova पर्यावरणको महत्व एवं कार्यक्रमले पुऱ्याउने योगदान माथी प्रकाश पार्नु भएको थियो । एसियाली विकास बैंक काजाख्तानको निर्देशक Nariman Mannapbekov ले समेत कार्यक्रममा आफ्नो मतव्य राख्नु भएको थियो । उक्त सेमिनार तथा वैठकको कार्यक्रम सत्रमा निर्देशक श्री रमेश सुवेदीले कार्यालयले गरेकोवातावरण लेखापरीक्षण तथा सन २०२१ मा भएको जलवायु लेखापरीक्षण सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी इण्डोनेशियाको सर्वोच्च लेखापरीक्षण संस्थाले गरेको वातावरण सम्बन्धी लेखापरीक्षणले दोस्रो Green Vision Award प्राप्त गरेको थियो भने सहभागी १६ देश मध्ये १० देशले जलवायु परिवर्तनको विषयमा र ६ वटा देशले खानीको सम्बन्धमा कार्यपत्र प्रस्तुत गरेका थिए । सो कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री काफ्लेले चीनको लेखापरीक्षण संस्थाका Deputy Auditor General Li Feng, INTOSAI WEGA का महासचिव Vivi Mirjam Niemenmaa, काजाख्तानका Chainwoman, Natalya Godunova सँग सर्वोच्च लेखापरीक्षण संस्थाको कार्य अनुभव आदान प्रदान गर्नु भएको थियो । सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले र काजाख्तानका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख Chainwoman, Natalya Godunova वीच लेखापरीक्षणको अनुभव आदान प्रदान गर्ने सम्बन्धी एक समझदारी पत्र memorable of understanding मा हस्ताक्षर सम्पन्न भएको थियो ।



कार्यवाहक महालेखापरीक्षक र काजाख्तानका सर्वोच्च लेखापरीक्षण संस्थाका (The Supreme Audit Chamber of the Republic of Kazakhstan) प्रमुख Chairwoman, Natalya Godunova बीच २३ अगस्ट, २०२३ मा लेखापरीक्षणको अनुभव आदान प्रदान गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर पश्चात् ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

लेखापरीक्षण योजना तथा कार्यक्रमका सम्वन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई जानकारी प्रदान

३१ श्रावण, २०८०

महालेखापरीक्षकको कार्यालयले आ.व. २०७९।८० को लेखापरीक्षण गर्न लेखापरीक्षण योजना, २०८० श्रावण १० गते स्वीकृत गरेको थियो । कार्यालयले लेखापरीक्षण कार्यको प्रारम्भ गर्नु पहिले कुनै आर्थिक वर्षको लागि तर्जुमा गरेको लेखापरीक्षण नीति, योजना तथा कार्यक्रमका सम्वन्धमा सम्वन्धित सरोकारवाला निकाय तथा पदाधिकारीहरुलाई जानकारी प्रदान गर्दै आएको छ । यसले लेखापरीक्षण कार्यलाई कार्यालयले अवलम्वन गरेको लेखापरीक्षण नीति र कार्यतालिका अनुसार अगाडि बढाउन सहयोग गर्दछ । लेखापरीक्षण कार्य मौजुदा नीतिगत तथा कानूनी व्यवस्थाका अतिरिक्त लेखापरीक्षण गराउने र लेखापरीक्षण गर्ने वीचको समन्वय, सहयोग र सहकार्यमा सम्पन्न गरिने क्रियाकलाप हो । सम्मानीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यू समक्ष कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमवीच महालेखापरीक्षकको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणका लागि स्वीकृत वार्षिक लेखापरीक्षण योजना, नीति तथा कार्यतालिका सम्बन्धमा सम्माननीयज्यू समक्ष जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट नागरिकमा सरकारप्रति विश्वास जगाउने गरी कार्य गर्नु पर्ने आवश्यकता रहेको सन्दर्भमा आर्थिक कारोवारको लेखापरीक्षण गर्दा पारदर्शिता, जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन जस्ता पक्षहरूलाइ ध्यान दिइ वित्तीय सुशासनमा सहयोग पुग्ने गरी कार्य हुनेछ भन्ने बिश्वास व्यक्त गर्नु भएको थियो ।

कार्यवाहक महालेखापरीक्षक श्री काफ्लेले पहिलो चरणमा भाद्र तथा आश्विन महिनामा हिमाली, पहाडी र तराईका ४६ जिल्लामा, कार्तिक तथा मार्ग महिनामा उपत्यका लगायत १४ जिल्लामा र वाँकी जिल्लामा पौष तथा माघ महिनामा गरी स्थलगत लेखापरीक्षण सम्पन्न गरिने र चैत्र महिनामा वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने गरी लेखापरीक्षण कार्यक्रम निर्धारण गरिएको बताउनु भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा. वैकुण्ठ अर्यालज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री गणेश प्रसाद पाण्डे, महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा, अधिकारी, उपमहालेखापरीक्षक श्री विन्दु विष्ट, कार्यालयका नायव महालेखापरीक्षकहरु एवं व्यवस्थापन निर्देशनालयका निर्देशक लगायतको उपस्थिति रहेको थियो ।



लेखापरीक्षण योजना, २०८० का सन्दर्भमा सम्माननीय प्रधानमन्त्री श्री पुष्प कमल दाहाल प्रचण्डज्यूसँग कार्यवाहक महालेखापरीक्षक र नेपाल सरकारका मुख्य सचिव ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

स्थलगत लेखापरीक्षण टोलीलाई अभिमुखीकरण तथा निर्देशन

श्रावण ३१, २०८०

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणको पहिलो चरण अन्तर्गत ४६ जिल्लाका एकल तथा संयुक्त लेखापरीक्षण र सम्बन्धित निर्देशनालयगत लेखापरीक्षण डोर सञ्चालन तथा वार्षिक लेखापरीक्षण योजना, २०८० मा उल्लिखित परीक्षण गर्नुपर्ने प्रमुख विषयका सम्बन्धमा लेखापरीक्षण कार्यमा खटिने टोलीप्रमुखहरुको अभिमुखीकरण तथा निर्देशन प्रदान गर्ने कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले सहभागीहरुलाई यो वर्षको लेखापरीक्षण कार्यतालिका तथा त्यसका विविध आयामका सम्बन्धमा विशेष निर्देशन प्रदान गर्नुभएको थियो । कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा महानिर्देशनालयगत निर्देशन सम्बन्धित उप-महालेखापरीक्षकहरु र नायव महालेखापरीक्षकज्यूहरुबाट अभिमुखीकरण गरिएको थियो । उहाँले कर्मचारीहरुलाई स्थलगत लेखापरीक्षणका क्रममा लेखापरीक्षण योजनालाई केन्द्रमा राखेर काम गर्न र पेशागत आचरण र व्यवहारलाई ख्याल गरी सबै पक्षबाट त्यसको अनुभूति हुनेगरी लेखापरीक्षण सञ्चालन गर्न निर्देशन प्रदान गर्नुभएको थियो ।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट स्थलगत लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा जारी निर्देशन

३१ श्रावण, २०८०

नेपालको संविधान अनुसार महालेखापरीक्षकलाई संघ तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सार्वजनिक संस्थान तथा सङ्घीय कानून बमोजिम महालेखापरीक्षकले लेखापरीक्षण गर्ने भनी उल्लेख भएका निकायहरूको लेखापरीक्षण गरी प्रतिवेदन गर्ने कर्तव्य र अधिकार रहेको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षण गर्दा लेखापरीक्षण गर्ने निकाय वा सो अन्तर्गतका कुनै एकाईहरु छनौट गरी आर्थिक कारोवार र सोसँग सम्बन्धित क्रियाकलापको एक एक गरी, बीचबीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्नेगरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोक्न सक्ने, त्यसबाट प्राप्त तथ्यहरु दर्शाउन, विवेचना गर्न, आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन दिन सक्ने व्यवस्था रहेको छ । यस अनुसार महालेखापरीक्षकको कार्यालयले जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गर्दै आएको देखिन्छ । महालेखापरीक्षकको कार्यालयले जोखिम विश्लेषणका आधारमा लेखापरीक्षण योजना तर्जुमा गर्दछ । आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणका सन्दर्भमा समेत लेखापरीक्षण योजना, २०८० स्वीकृत गरी लेखापरीक्षण नीति, योजना तथा कार्यक्रम तय गरिएको छ । लेखापरीक्षण योजना अनुसार कुनै आर्थिक वर्षको स्थलगत लेखापरीक्षण डोरमा कर्मचारी खटिनु अघि महालेखापरीक्षकबाट विशेष निर्देशन दिने कार्यलाई यो वर्ष पनि निरन्तरता प्रदान गर्दै कार्यवाहक महालेखापरीक्षकबाट लेखापरीक्षण व्यवस्थापनमा सुधार ल्याउने अभिप्रायले ११ वटा विषयमा ८१ बुँदामा लिखित निर्देशन प्रदान गर्नु भएको छ जुन निम्नासार रहेको छ:

(क) लेखापरीक्षण व्यवस्थापन

१. लेखापरीक्षण विभाग, महानिर्देशनालय र निर्देशनालयको कार्यबोझ, संगठन संरचना र आवश्यकता समेतलाई मध्यनजर राखी जनशक्ति व्यवस्थापन तथा कार्यजिम्मेवारी बाँडफाँड गर्ने,

२. स्वीकृत वार्षिक लेखापरीक्षण योजनाअनुसार संयुक्त लेखापरीक्षण वा महानिर्देशनालयगत वा विभागगत लेखापरीक्षण गरिने जिल्ला, प्रथम चरण, द्वितीय चरण तथा तृतीय चरणमा गरिने लेखापरीक्षणको विभागगत वा महानिर्देशनालयगत जिम्मेवारी बाँडफाँड गर्ने,

३. निर्देशनालय अन्तर्गत संयुक्त लेखापरीक्षण वा महानिर्देशनालयगत वा विभागगत गरिने लेखापरीक्षणको लेखापरीक्षण टोली गठन गरी जिम्मेवारी बाँडफाँडट गर्ने,

४. निर्देशनालय मातहत गरिने विस्तृत परीक्षण विधि, न्यून परीक्षण विधि तथा दूरलेखापरीक्षण विधि अन्तर्गत गरिने लेखापरीक्षणको कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गर्ने र सम्बन्धित लेखापरीक्षण टोलीको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मा पहुँच हुने गरी फिल्ड टिमहरू गठन गर्ने,

५. स्वीकृत कार्यालयगत लेखापरीक्षण योजनाअनुसार स्थलगत लेखापरीक्षणका लागि सम्बन्धित नायब महालेखापरीक्षकबाट भ्रमण आदेश स्वीकृत गराउने, स्वीकृत भ्रमण आदेशअनुसार कार्य गर्दै जाँदा स्वीकृत कार्य दिनभन्दा बढी दिन आवश्यक पर्ने भएमा ७ (सात) दिनसम्म सम्बन्धित नायब महालेखापरीक्षक र सोभन्दा बढी अवधि म्याद थप गर्न परेमा सम्बन्धित उप-महालेखापरीक्षकले स्वीकृत गर्ने,

६. जिल्लामा लेखापरीक्षण टोलीहरूले लेखापरीक्षण डोरमुकाम स्थापना गर्ने, लेखापरीक्षण डोर मुकाम स्थापना भएको जानकारी संयुक्त वा सम्बन्धित कार्यालयको लेखापरीक्षण प्रवेश बैठकमा गराउने र सम्बन्धित नायब महालेखापरीक्षकलाई जानकारी दिने,

७. लेखापरीक्षण योजनामा उल्लिखित समयभित्र कार्यालयको लेखापरीक्षण सम्पन्न गर्ने, लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र अनिवार्य रुपमा लेखापरीक्षण प्रतिवेदन जारी गर्ने,

८.विस्तृत लेखापरीक्षण गर्ने कार्यालयमा स्थगत रुपमा स्रेस्ता परीक्षण गर्ने तथा न्यून विधिबाट लेखापरीक्षण गर्ने कार्यालयको जिल्ला सदरमुकामबाट दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गर्ने, न्यून विधिबाट लेखापरीक्षण गर्ने निकायको स्थलगत लेखापरीक्षण गर्न आवश्यक देखिएमा सम्बन्धित सुपरिवेक्षकलाई जानकारी गराई स्थलगत परीक्षण गर्न सकिनेछ,

९.स्थलगत लेखापरीक्षणमा रहेका बखत लेखापरीक्षणमा आवश्यक पर्ने लजिष्टिक महालेखापरीक्षकको कार्यालयबाट हुनेछ र आवश्यक व्यवस्था टोलीले गर्ने,

(ख) आचारसंहिता पालना

१०. लेखापरीक्षणका क्रममा सरकारी कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता २०६५ सरकारी लेखापरीक्षकहरूले पालना गर्नुपर्ने आचारसंहिता २०७०, निजामती कर्मचारीहरूले पालना गर्नुपर्ने आचारण सम्बन्धी व्यवस्था, इन्टोसाईले जारी गरेको लेखापरीक्षण आचारसंहिता मानदण्ड १३० मा भएका व्यवस्था पालना गर्नुपर्ने,

११. स्थलगत लेखापरीक्षणका क्रममा लेखापरीक्षकहरूले निष्ठा,सरल व्यवहार,उदाहरणीय आचरण पालना गर्नुपर्ने,

१२. लेखापरीक्षणका क्रममा लेखापरीक्षकहरूले लेखापरीक्षण गरिने निकायबाट दान, उपहार चन्दा सहायता लिन नहुने,

१३. लेखापरीक्षणमा स्वतन्त्रता, वस्तुपरकता, व्यावसायिकता पारदर्शिता, जवाफदेहिता कायम गर्नुपर्ने गरी लेखापरीक्षण टोलीले आवश्यक व्यवस्था मिलाउनुपर्ने,

(ग) लेखापरीक्षण योजना

१४. स्वीकृत वार्षिक लेखापरीक्षण योजनाअनुसार मन्त्रालयगत (Entity Level) लेखापरीक्षण योजना तर्जुमा गर्ने, सो लेखापरीक्षण योजनामा मन्त्रालय वा निकाय र मातहत निकायको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, खरिद व्यवस्थापन, सेवा प्रवाह, प्रशासनिक खर्च आदि विषयमा जोखिम मूल्याङ्कन गरी लेखापरीक्षणमा केन्द्रित गर्नुपर्ने विषयहरू पहिचान गरी समावेश गर्ने,

१५. स्वीकृत मन्त्रालयगत राख्ने निकायगत लेखापरीक्षण योजनाअनुसार कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गर्दा लेखापरीक्षण गरिने कार्यालयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन स्थिति, खरिद व्यवस्थापन, सेवा प्रवाह, प्रशानिक खर्च, स्रोत व्यवस्थापन, स्रोत उपयोग, उपलब्धि, अनुगमन मूल्याङ्कन, खरिद सम्झौताको पालना लगायत विषयहरू समेटी परीक्षण गर्नुपर्ने विषय पहिचान गर्नुपर्नेछ । स्वीकृत लेखापरीक्षण योजना कार्यान्वयन गर्ने सन्दर्भमा लेखापरीक्षण योजनामा समावेश भएका विषय सम्बन्धित कार्यालयको लेखापरीक्षणमा लागू नहुने स्थिति भएमा सम्बन्धित सुपरभाइजरको स्वीकृतिमा लेखापरीक्षण योजना संशोधन गर्नुपर्नेछ,

१६. लेखापरीक्षण योजनामा परीक्षण गरिने भनी उल्लेख भएका विषयहरू बुँदागत रुपमा लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको परिचय खण्ड (Opening Para) उल्लेख गर्नुपर्नेछ,

१७. लेखापरीक्षण योजना तथा प्रारम्भिक प्रतिवेदनको परिचय खण्ड (Opening Para) मा उल्लिखित विषयवस्तुहरूको परीक्षण गर्ने विधि, सङ्कलन गरिने प्रमाण, परीक्षण गर्ने कर्मचारी र लेखापरीक्षक आदि सम्बन्धमा लेखापरीक्षण योजनामा उल्लेख गर्नुपर्नेछ,

१८. लेखापरीक्षण योजनामा लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, अवधि, सीमा आदि बारेमा उल्लेख गर्नुपर्नेछ, साथै यी विषयहरू लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको परिचय खण्ड (Opening Para) मा संक्षिप्त रुपमा उल्लेख गर्ने व्यवस्था न्याम्समा मिलाउनुपर्नेछ,

१९. कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गर्दा वार्षिक लेखापरीक्षण योजना तथा मन्त्रालयगत लेखापरीक्षण योजना (Entity Level Audit Plan) मा आधारित रहेर तयार गर्नुपर्दछ,

२०. लेखापरीक्षण योजना तर्जुमा गर्दा लेखापरीक्षण ऐनमा उल्लिखित परीक्षण गर्नुपर्ने विषयहरूलाई समेत ध्यान दिनुपर्दछ ।

(घ) वित्तीय लेखापरीक्षण

२१. एकीकृत आर्थिक विवरण, शीर्षकगत आर्थिक विवरण, सहायक आर्थिक विवरण, वित्तीय प्रतिवेदनहरू समयमै तयार भए नभएको, तालुक निकाय तथा सम्बन्धित निकायमा प्रेषित भए नभएको, कार्यालयको अभिलेख रहे नरहेको तथा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट वा प्रदेश लेखा नियन्त्रक कार्यालय र एकाइबाट प्रमाणित भए नभएको यकिन गर्ने,

२२. प्रमाणित आर्थिक विवरणअनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार तर्फको लेखापरीक्षण गरिने अङ्ग यकिन गर्ने,

२३. कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखाङ्कन गर्दा प्रचलित नेपाल लेखामान, खर्चका वर्गीकरण र व्याख्या, चार्ट अफ एकाउन्ट, लेखा नीति तथा स्वीकृत म.ले.प. फारामअनुसार राखे नराखेको परीक्षण गर्ने, सोअनुसार लेखा नराखेको अवस्था भएमा प्रतिवेदनमा सो व्यहोरा उल्लेख गर्ने,

२४. खर्च गर्न स्वीकृत खर्च रकम नम्बरमा विनियोजित रकमभन्दा बढी खर्च गरेको, खर्चका वर्गीकरण र व्याख्या विपरीत अर्को शीर्षकमा खर्च गरेको, विनियोजन नभएको खर्च शीर्षकमा खर्च गरेको, खर्च लेखाङ्कन अर्कै शीर्षकमा गरेको आदि सम्बन्धमा परीक्षण गरी कैफियत देखिएमा प्रतिवेदनमा समावेश गर्ने,

२५. निर्दिष्ट सेवा तथा कार्यक्रममा खर्च गर्न स्वीकृत भएको रकम सोही शीर्षक तथा उपशीर्षकको सीमामा रही निर्दिष्ट प्रयोजनका लागि खर्च भए नभएको परीक्षण गर्ने,

२६. कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राख्ने नराखेको तथा निर्दिष्ट समयमा प्रतिवेदन गरे नगरेको परीक्षण गर्ने,

२७. संघीय संचित कोष, प्रदेश संचित कोष, स्थानीय संचित कोष लगायतका अन्य सरकारी कोषहरूको हिसाव यथार्थपरक रहे नरहेको परीक्षण गर्ने,

२८. सरकारी कार्यालयहरूले निर्माण कार्य सम्पन्न गरी २०८० आषाढ मसान्तमा भुक्तानी दिन बाँकी रहेको तथा सिर्जना भएको दायित्व रकम समयमा भुक्तानी भए नभएको परीक्षण गर्ने, सार्वजनिक निर्माणमा भुक्तानी दिन बाँकीको विवरण संकलन गरी प्रतिवेदनमा समावेश गर्ने,

२९. सरकारी ऋण तथा लगानी र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने सावाँ, व्याज, लाभांश लगायतको लेखा राख्ने व्यवस्था र राखेको लेखाको यथार्थता परीक्षण गर्ने,

३०. राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानून बमोजिम निर्धारण, असुली, दाखिला, लेखाङ्कन भए नभएको र राजस्व चुहावट नियन्त्रण गर्न प्रयास गरे नगरेको परीक्षण गर्ने,

३१. धरौटी कारोबारको प्रचलित ढाँचामा लेखा राखे नराखेको, धरौटी आम्दानी, फिर्ता तथा सदरस्याहाको अभिलेख तथा प्रतिवेदन र आर्थिक विवरण तयार भए नभएको परीक्षण गर्ने,

३२. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानुनबमोजिम बाँडफाँट भएको राजस्व अनुदान तथा रोयल्टीको उपयोग र परिचालन प्रभावकारी भए नभएको परीक्षण गर्ने।

(ङ) परिपालनको लेखापरीक्षण

३३. सबै खर्चहरू, सबै आर्थिक कारोबारहरू प्रचलित कानुनबमोजिम हुनुपर्दछ। प्रचलित कानुनको पालना भएको छ भनी सुनिश्चित हुनका लागि खर्चको पुष्ट्याइ गर्ने कागजात संलग्न हुनुपर्दछ। सो खर्चको परीक्षण गर्दा प्रचलित सम्बन्धित कानुन र कानुनमा उल्लिखित विधि प्रक्रिया पूरा गरे नगरेको परीक्षण गरी कैफियत देखिएमा बेरुजू लेख्ने,

३४. स्वीकृत कार्यक्रमअनुसार बजेट विनियोजन भए नभएको तथा विनियोजित बजेट समयमा निकासा भए नभएको परीक्षण गर्ने,

३५. स्वीकृत कार्यक्रमअनुसार भौतिक प्रगति प्राप्त भए नभएको, सोको अभिलेख राखे नराखेको, प्रगतिको विवरण तयार गरे नगरेको तथा भौतिक प्रगतिको पुष्ट्याइ हुने अभिलेख रहे नरहेको परीक्षण गर्ने,

३६. खर्च गर्न अधिकार प्राप्त अधिकारीबाट खर्च स्वीकृत भए नभएको परीक्षण गर्ने,

३७. नगदी जिन्सी लगायत उपलब्ध स्रोत साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे नगरेको परीक्षण गर्ने,

३८. सरकारी सम्पत्तिको प्रचलित कानुनबमोजिम अभिलेख राखे नराखेको परीक्षण गर्ने, सरकारी सम्पत्तिको हानि-नोक्सानी नहुने गरी संरक्षण तथा मर्मत सम्भार गरे नगरेको परीक्षण गर्ने,

३९. खर्च गर्दा दुरुपयोग हुनु नपाउने गरी पर्याप्त कानुनी व्यवस्था भए नभएको, तत्सम्बन्धी नियम तथा नियन्त्रण व्यवस्था अनुसरण भए नभएको परीक्षण गर्ने,

४०. आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए नभएको र त्यसको अनुसरण भए नभएको परीक्षण गर्ने,

४१. आन्तरिक लेखापरीक्षण सन्तोषजनक तरिकाबाट भए नभएको र भएकोमा प्रतिवेदन कार्यान्वयन गरे नगरेको मूल्याङ्कन गरी प्रतिवेदनमा समावेश गर्ने,

४२. सम्पादित काम, निर्माण कार्य तथा कार्यक्रम कार्यान्वयनबाट भएको प्रगति अभिलेख तथा प्रतिवेदन तयार भए नभएको र सम्पादित कामको गुणस्तर तथा परीक्षण स्वीकृत मापदण्डबमोजिम भए नभएको तथा गुणस्तर परीक्षण प्रतिवेदन संलग्न भए नभएको परीक्षण गर्ने,

४३. प्रचलित कानुनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन गरे नगरेको, अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गरे नगरेको परीक्षण गर्ने,

४४. कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन व्यवस्था, सोको प्रतिवेदन एवं पृष्ठपोषण कार्यान्वयनको अवस्था विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदना समावेश गर्ने ।

(च) कार्यमूलक लेखापरीक्षण

४५. कार्यमूलक लेखापरीक्षणका लागि छनौट भएका विषय, कार्यक्रम, आयोजनाको प्रारम्भिक सर्भेक्षण प्रतिवेदन तयार गरी विषय छनौटको आधार र आवश्यकता औचित्य परीक्षणबाट अपेक्षित उपलब्धि, उपलब्ध जनशक्ति तथा परीक्षण लागत समेत अनुगमन गरी प्रतिवेदन तयार गर्ने,

४६. सर्भेक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण योजना तर्जुमा गर्ने, कार्यमूलक लेखापरीक्षणको उद्देश्य निर्धारण गर्ने, उद्देश्यबमोजिम लेखापरीक्षणको क्षेत्र, तरिका विधि तय गर्ने, परीक्षण गरिने विषय पहिचान गर्ने, प्रश्नावली तयार गर्ने, कार्यमूलक लेखापरीक्षण ढाँचा (Audit Design Matrix) तयार गर्ने,

४७. परीक्षण गरिने विषयमा केन्द्रित रही तथ्याङ्क, सूचना विवरण जानकारी हासिल गरी मितव्ययिता, कार्यदक्षता वा प्रभावकारीताको पक्षबाट मूल्याङ्कन गर्ने,

४८. कार्यमूलक लेखापरीक्षण वित्तीय तथा परिपालनाको लेखापरीक्षण विस्तारित रुप भएकोले वित्तीय तथा परिपालनाको लेखापरीक्षणबाट देखिएको कैफियतमा सोको कारण पर्न सक्ने आर्थिक दायित्व, स्रोतको दुरुपयोग, उपयोग दक्षता, निर्णय क्षमता, विधि प्रक्रिया पालना हुन नसकेबाट आगतअनुसार निर्गत प्राप्त हुन नसकेको विषय तथा अपेक्षित उपलब्धि तथा परिमाण प्राप्त हुन नसकेको व्यहोरा परीक्षण गरी विश्लेषणसहित प्रतिवेदनमा समावेश गर्ने ।

४९. स्वीकृत लागत खर्च सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे नगरेको, खर्च गर्दा लागत तथा उपलब्धि विश्लेषण गरी उचित ढङ्गले खर्च गरे नगरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भए नभएको परीक्षण गर्ने,

५०. कार्यक्रम, आयोजना तथा कारोबार गर्दा दोहोरो हुने गरी विभिन्न निकायबाट गराएको वा कार्यक्रम सञ्चालनमा दोहोरोपना, स्रोत साधनको अपव्यय, दुरुपयोग तथा अपेक्षित नतिजा प्राप्त हुन नसकेको अवस्था सम्बन्धमा परीक्षण गरी विश्लेषणसहित प्रतिवेदनमा समावेश गर्ने,

५१. कार्यमूलक लेखापरीक्षण मुख्यत कार्यक्रम राख्ने आयोजना कार्यान्वयनको चक्र (Project Cycle) मा ध्यान दिई परीक्षण विश्लेषण गर्ने, यसमा खास गरी खास गरी समस्या केन्द्रित (Problem Centered) र नतिजा केन्द्रित (Result Centered) धारणा (Approach) अवलम्बन गर्ने ।

(छ) लेखापरीक्षण सुपरिवेक्षण र अनुगमन

५२. लेखापरीक्षण सुपरिवेक्षणका लागि नीति निर्देशन, अनुगमन तथा गुणस्तरीय महानिर्देशनालयले आवश्यक नीति र सूचक तर्जुमा गरी नियमित सुपरिवेक्षणको व्यवस्था मिलाउनेछ,

५३. लेखापरीक्षणको नतिजामूलक उपलब्धि प्राप्त हुने गरी सुपरिवेक्षण कार्यक्रम तथा नतिजा सूचक तयारी गरी स्थलगत एवं अनलाइन सुपरिवेक्षणको व्यवस्था लागू गरिनेछ,

५४. अनलाइन सुपरिवेक्षणको क्रममा लेखापरीक्षण व्यवस्थापन, डोरमुकाम स्थापना, कार्य जिम्मेवारी बाँडफाँट, प्रमाण सङ्कलन तथा विश्लेषण र गुणस्तरीय प्रतिवेदन तयारी सम्बन्धमा स्वीकृत लेखापरीक्षण योजना अनुरुप लेखापरीक्षण व्यवस्थापन भए नभएको अनुगमन तथा सुपरिवेक्षण गरिनेछ,

५५. लेखापरीक्षण क्रममा सुपरिवेक्षणकर्ता तथा पुनरावलोकन कर्ताले दिएको निर्देशन अनिवार्य रुपमा पालना गर्नुपर्नेछ,

५६. लेखापरीक्षण सुपरिवेक्षणबाट लेखापरीक्षणको गुणस्तर अभिवृद्धिमा केन्द्रित रहनु पर्नेछ,

(ज) गुणस्तर नियन्त्रण र आश्वस्तता

५७. लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन एवं अनुगमन लेखापरीक्षणका लागि गुणस्तर नियन्त्रण गर्न स्वयं लेखापरीक्षकले सूचक एवं चेकलिष्ट तयार गरी कार्यान्वयन गर्ने,

५८. गुणस्तर नियन्त्रणका सम्बन्धमा सम्बन्धित सुपरिवेक्षकले लेखापरीक्षण व्यवस्थापन, कार्यान्वयन, प्रतिवेदन तयारी तथा अनुगमन लेखापरीक्षणका लागि आवश्यक निर्देशन जारी गरी सबै लेखापरीक्षण टोलीले पालना गर्नुपर्ने वातावरण तयार गर्नुपर्ने,

५९. सबै लेखापरीक्षण फाइलहरूको गुणस्तर नियन्त्रणका लागि सिष्टमबाट अनिवार्य रुपमा सम्बन्धित सुपरिवेक्षककहाँ पठाउनुपर्ने र सम्बन्धित सुपरिवेक्षकले बढीमा ५ दिनभित्र सुपरिवेक्षण गरी अनिवार्य रुपमा फिर्ता पठाउनुपर्ने,

६०. स्थलगत सुपरिवेक्षणका क्रममा गुणस्तर नियन्त्रणको सूचक बमोजिम सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनुपर्ने,

६१. गुणस्तर आश्वस्तताका लागि लेखापरीक्षण सम्पन्न भएका फाइलहरू मध्ये केही प्रतिशत फाइल तथा सबै लेखापरीक्षण टोलीको प्रतिनिधित्व हुने गरी छनौट गरी गुणस्तर आश्वस्तता परीक्षण गरिनेछ ।

(झ) लेखापरीक्षण प्रतिवेदन

६२. स्वीकृत लेखापरीक्षण योजनाबमोजिम परीक्षण गरिने भनि उल्लेख भएका विषयमा परीक्षण गरी लेखापरीक्षकको राय (Auditors opinion) प्रतिवेदन तयार गर्ने,

६३. लेखापरीक्षणको ड्राफ्ट (मस्यौदा) तयार गरी सम्बन्धित निकायमा उपलब्ध गराउने र सम्बन्धित निकायको जवाफ

प्रमाण प्राप्त भएमा सो समेतलाइ मिलान गरी प्रतिवेदन तयार गर्नुपर्ने,

६४. लेखापरीक्षणका व्यहोराहरूमा एकरुपता कायम गर्न कार्यालयबाट जारी भएको बेरुजू वर्गीकरण निर्देशिकाअनुसार प्रारम्भिक प्रतिवेदन तयार गर्ने, एउटै प्रकारका कारोबारको लेखापरीक्षणमा बेरुजूमा एकरुपता कायम गर्ने गरी प्रतिवेदन तयार गर्नुपर्ने,

६५. काठमाडौँ उपत्यका बाहिरिने स्थलगत लेखापरीक्षणको प्रतिवेदन अनिवार्य रुपमा स्थलगत रुपमा जारी गर्नुपर्ने,

६६. गम्भीर प्रकृतिका बेरुजू देखिएमा सोको जानकारी स्थलगत लेखापरीक्षणकै क्रममा सम्बन्धित उप-महालेखापरीक्षक राख्ने नायब महालेखापरीक्षकलाई जानकारी गराउने,

६७. स्थलगत रुपमा जारी गरेको प्रतिवेदनको मुख्य मुख्य व्यहोरा सहितको भ्रमण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने,

६८. लगत लेखापरीक्षणबाट काठमाडौं फर्केको लेखापरीक्षण टोलिले मुख्य-मुख्य व्यहोरा एवं आगामी वार्षिक प्रतिवेदन मा समावेश गर्न उपयुक्त व्यहोराहरूको प्रस्तुतिकरण गर्नुपर्ने,

६९. स्थानीय तहको लेखापरीक्षणमा एकरुपता कायम गर्न मुख्य मुख्य व्यहोरा समेटी प्रारम्भिक प्रतिवेदनको नमुना ढाँचा तयार गर्ने र सोअनुसार प्रतिवेदन तयार गर्ने ।

(ञ) अनुगमन लेखापरीक्षण

७०. प्रदेश र स्थानीयतहबाट गत विगत वर्षको लेखापरीक्षण बेरुजूको असुल उपर प्रमाण पेश वा पेश्की फर्स्यौटको प्रमाणसहित अनुरोध भई आएमा स्थलगत रुपमा अनिवार्य रुपमा सात दिनभित्र सम्परीक्षण गरी सम्बन्धित निकायमा ७ दिनभित्र जानकारी दिने,

७१. उपर्युक्तबमोजिम सम्परीक्षण गरिएको व्यहोरा प्रदेश सरकारको हकमा कार्यलयमा फर्केको ७ दिनभित्र सम्बन्धित निर्देशनालयमा रहेको लागत कट्टा गर्ने र स्थानिय तहको सम्बन्धमा चालु बर्षको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनमा अनिवार्य रुपमा आर्थिक वर्ष, दफा नम्बर र संक्षिप्त व्यहोरा एवं रकम उल्लेख गरी अद्यावधिक बेरुजू यकिन गरी प्रतिवेदनमा उल्लेख गर्ने,

७२. सम्परीक्षणका लागि अनुरोध भएको सम्बन्धमा स्थलगत रुपमा प्रमाण, विवरण, तथ्याङ्क, सूचना जानकारीको परीक्षण गरी सम्परीक्षण गर्न मिल्ने भए सम्परीक्षण गर्ने तथा सम्परीक्षण गर्न नमिल्ने भए सोही व्यहोरा सम्बन्धित निकायमा जानकारी गराई अनिवार्य रुपमा सम्परीक्षण अनुरोधको कारबाही टुङ्गयाउनुपर्ने,

७३. सम्परीक्षणका लागि तोकिएको सीमाभित्र रही सम्परीक्षण कार्य गर्ने, स्थलगत रुपमा उपत्यका बाहिर खटिएको अवस्थामा एक तह माथिको अधिकार प्रयोग गर्ने, सम्परीक्षणमा असुली वा प्रमाण पेश वा पेश्की फर्स्यौटको आधारमा भएको सम्परीक्षणको अभिलेख राख्ने, सम्परीक्षण गर्दा कम्तीमा २ तहको सलग्नतामा निर्णय हुनुपर्ने र स्थलगत लेखापरीक्षणबाट फर्केपछि सो निर्णय फाइल सम्बन्धित निर्देशनालयमा बुझाउनुपर्ने ।

(ट) समन्वय र सञ्चार

७४. लेखापरीक्षण टोली जिल्लामा पुगेपछि जिल्लास्तरीय प्रवेश बैठक आयोजना गर्नुपर्नेछ । जिल्लामा एकभन्दा बढी टोली खटिएको अवस्थामा संयुक्त रुपमा प्रवेश बैठक आयोजना गर्नुपर्नेछ,

७५. प्रवेश बैठकमा लेखापरीक्षणको उद्देश्य, पद्धति, विधि एवं तथा न्यून जोखिमका आधारमा गरिने लेखापरीक्षणको बारेमा जानकारी गराउनुपर्नेछ,

७६. संयुक्त प्रवेश बैठकमा लेखापरीक्षण व्यवस्थापनमा गर्नुपर्ने सुधारका सम्बन्धमा पृष्ठपोषण लिई आवश्यक सुधार गर्नुपर्नेछ,

७७. प्रवेश बैठक सम्पन्न गरेको जानकारी सम्बन्धित सुपरिवेक्षक र महालेखापरीक्षकको सचिवालयमा उपलब्ध गराउनुपर्नेछ,

७८. विषय क्षेत्रगत विषयमा केही दुविधा भएमा सम्बन्धित महानिर्देशनालयका नायब महालेखापरीक्षकहरूले आवश्यक समन्वय र सहकार्यका माध्यम उपयुक्त निर्णय गर्नपर्नेछ,

७९. लेखापरीक्षणका क्रममा कुनै समस्या परेमा तुरुन्त सम्बन्धित सुपरिवेक्षकलाई जानकारी गराउनुपर्नेछ र सम्बन्धित सुपरिवेक्षकले आवश्यक समाधानका उपाय अवलम्बन गरी समस्या समाधान गरिदिनुपर्नेछ,

८०. लेखापरीक्षणको क्रममा सबै लेखापरीक्षण टोलीले आपसमा सञ्चार एवं समन्वय गरी लेखापरीक्षण व्यवस्थापन सुधारमा ध्यान दिनुपर्नेछ,

८१. यो वर्षको लेखापरीक्षणबाट गुणस्तरीय लेखापरीक्षणको लागि सुधार खाकासहित अनुभूति हुने गरी लेखापरीक्षण व्यवस्थापन गर्ने उद्देश्य रहेको छ । सो उद्देश्य पूरा गर्न सबै कर्मचारीहरूको सहयोगको अपेक्षा गरिएको छ ।

यस निर्देशनमा उल्लिखित विषयका अतिरिक्त प्रचलित ऐन, नियम, मानदण्ड, निर्देशिका, कार्यविधि, परिपत्र, लेखापरीक्षण सिद्धान्तमा उल्लिखित विषयहरूको समेत पालना गर्नुपर्नेछ ।

उपमहालेखापरीक्षक (रा.प.विशिष्ट श्रेणी) पदमा बढुवा



कार्यवाहक महालेखापरीक्षकबाट राजपत्रांकित विशिष्ट श्रेणीको उप-महालेखापरीक्षक पदमा बढुवा भइ यसै कार्यालयमा पदस्थापन हुनुभएका उप-महालेखापरीक्षक श्री पदमराज पौडेललाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै ।

३१, साउन २०८०

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।०४।३० को निर्णायानुसार महालेखापरीक्षकको कार्यालयमा कार्यरत नायव महालेखापरीक्षक श्री पदमराज पौडेल निजामती सेवा ऐन, २०४९ को दफा १९(२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा भई यसै कार्यालयमा पदस्थापन हुनु भएको छ ।

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले राजपत्रांकित विशिष्ट श्रेणीको उप-महालेखापरीक्षक पदमा बढुवा भई यसै कार्यालयमा पदास्थापन हुनु भएको उप-महालेखापरीक्षक श्री पदम राज पौडेललाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्नु भएको थियो ।

उपमहालेखापरीक्षक श्री पौडेल २०५४।०६।१४ मा नेपाल लेखापरीक्षण सेवाको राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारीमा प्रवेश गरी महालेखापरीक्षकको कार्यालयमा २६ वर्षको कार्य अनुभव हासिल गरिसक्नु भएको छ । उहाँले एम फिलसम्मको अध्ययन पूरा गर्नुभएको छ । भने उहाँ यस कार्यालयमा रहँदा विभिन्न लेखापरीक्षण निर्देशनालयका अतिरिक्त नीति, योजना, प्रतिवेदन, जनशक्ति विकास र अन्तर्राष्ट्रिय सम्वन्ध महानिर्देशनालयमा लेखापरीक्षण तथा वार्षिक लेखापरीक्षण योजना तर्जुमा सम्वन्धी काम गरेको अनुभव रहेको छ ।

उपमहालेखापरीक्षक श्री पौडेलले सवीच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (ईन्टोसाई) को लेखापरीक्षणमा सरोकारवालासँगको सम्वन्ध विषयमा श्रोत व्यक्तिको प्रमाणपत्र प्राप्त गरी अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण कार्यक्रममा सहभागी भएको छ भने सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को सहयोगमा कुवेत, मलेशिया र भारतका सर्वोच्च लेखापरीक्षण संस्थाद्वारा आयोजित तालिममा सहभागी हुनु भएको छ ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँगको अन्तरक्रिया



आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणका सम्बन्धमा नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरुसँग छलफल तथा अन्तरक्रियामा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्याल संघीय संसदका महासचिव डा. भरत गौतम सहित उप-महालेखापरीक्षक तथा अन्य पदाधिकारीहरु।

२८ श्रावण, २०८०

कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेको अध्यक्षतामा महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुसँग आर्थिक वर्ष २०७९।८० को अन्तिम लेखापरीक्षणको नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम महालेखापरीक्षकको कार्यालय अनामनगरमा सम्पन्न गरेको छ। अन्तरक्रिया कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव सर्वोच्च अदालतका रजिष्टार विभिन्न मन्त्रालय तथा आयोगका सचिवहरु सहित महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले लेखापरीक्षण कार्यले समस्या सिर्जना गर्ने नभई जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्ने पद्धति भएको बताउनु हुँदै यो पूर्णत: जोखिममा आधारित तथा मौजुदा ऐन, नियम, कानून र प्रक्रियाको अवलम्वन गरी कुनै विषयको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल भए नभएको व्याख्या विश्लेषण गर्ने प्रणालीका



अन्तरक्रिया कार्यक्रममा सहभागी लेखाउत्तरदायी अधिकृतहरु तथा अन्य पदाधिकारीहरु ।

रुपमा लिन आग्रह गर्नु भएको थियो । उहाँले लेखापरीक्षणका आधार र मान्यता बारेमा प्रकाश पार्दै निकायको आर्थिक तथा वित्तीय विवरण माथिको सम्पूर्ण जिम्मेवारी सम्वन्धित निकायमै रहने र त्यसमा लेखापरीक्षण मानदण्डमा आधारित भई आफ्नो राय प्रकट गर्ने जिम्मेवारी लेखापरीक्षकको हुने बताउनु भयो । कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले कार्यालयले वार्षिक लेखापरीक्षण योजना देखि प्रतिवेदनसम्मका महत्वपूर्ण चरणहरुमा सम्वन्धित सरोकारवालाको सहभागितालाई सदैव उच्च महत्व प्रदान गर्दै आएको बताउनु हुँदै अघिल्लो आर्थिक वर्षमा संघीय निकायहरुको बेरुजु सम्परीक्षण हुन नसकेको तर्फ सम्वद्ध पक्षहरुको ध्यानाकर्षण भईसकेको उल्लेख गर्दै यसको चाँडैनै उपयुक्त निकास आउने विश्वास व्यक्त गर्नु भयो । उहाँले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरुमा अधिकांश हिस्सा अनियमित वेरुजुको रहने गरेको र उक्त वेरुजूमा कमी ल्याउन लेखापरीक्षणको लागि आर्थिक कारोवारको स्रेस्ता तथा प्रमाण कागजातहरु पेश गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोराको छलफलमा जिम्मेवार व्यक्ति अनिवार्य उपस्थित हुने व्यवस्थाको लागि आग्रह गर्नु भएको थियो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा. वैकुण्ठ अर्यालज्यूले अघिल्लो आर्थिक वर्ष देखि संघीय सरकारको वेरुजु फर्स्यौट तथा सम्परीक्षण कार्य रोकिएको उल्लेख गर्नुहुँदै यसको समाधान गर्न पहल भईरहेको जानकारी प्रदान गर्नु भएको थियो । सो कार्यक्रममा मूख्य सचिव श्री अर्यालले तीनै तहका सरकारको वेरुजूको आकार निरन्तर बढ्दै गएको सन्दर्भमा त्यसो हुन नदिन लेखाउत्तरदायी अधिकृतहरुबाट वेरुजू नै नआउने गरी सरकारका कामकारवाही सञ्चालन गर्न विशेष जोड दिनु भएको थियो । त्यसैगरी उहाँले यो वर्ष आर्थिक अनुशासन वर्षको रुपमा मनाउने निर्णय भएको जानकारी प्रदान गर्नुहुँदै यसलाई सार्थक बनाउन लेखाउत्तरदायी अधिकृतहरुले मातहतका निकाय तथा जिम्मेवार व्यक्तिहरुलाई विशेष निर्देशन, सो सम्वन्धी अभिमुखीकरण र सम्पादित कार्यको निरन्तर अनुगमन गरी सुशासन अभिवृद्धिमा सहयोग पुऱ्याउनु पर्ने आवश्यकता औंल्याउनु भएको थियो । सो कार्यक्रममा मूख्य सचिवले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण कार्यमा एकरुपता ल्याउने र सार्वजनिक निकायहरुले लेखापरीक्षण प्रक्रियालाई उच्च महत्व प्रदान गरी लेखापरीक्षणमा संलग्न टोलीसँग देखिएका कैफियत तथा व्यहोरा उपर उपयुक्त प्रमाण तथा कागजात जुटाई सम्वाद गर्न सकेमा वेरुजू कम हुँदै जाने विश्वास व्यक्त गर्नु भएको थियो । कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरुले बेरुजु फर्स्यौटका लागि जिम्मेवार पदाधिकारीहरुमा आफ्नो कार्यकालको वेरुजुप्रति संवेदनशील हुने तर अन्यको हकमा फर्स्यौटका लागि आवश्यक तदारुकता नदेखाउने प्रवृत्ति रहेकोले एवं कतिपय नीतिगत अष्पष्टता र कानूनी जटिलताले पनि वेरुजु बढाएको बताउनु भएको थियो । छोटो समयमा केन्द्रीयस्तरको संगठन संरचनामा हुने फेरवदल र वेरुजू एक निकायबाट अर्को निकायमा हस्तान्तरण हुने तर भएका प्रमाण तथा कागजात हस्तान्तरण नहुँदा समेत बेरुजु फर्स्यौट गराउन कठिन भएको धारणा राख्नु भएको थियो । लेखा उत्तरदायी अधिकृतहरुले यो वर्षको महालेखापरीक्षकको लेखापरीक्षण योजना तथा कार्यक्रम कार्यान्वयनमा सघाउ पुर्याउन सम्वद्ध निकायहरुको कानून बमोजिम तोकिएको भूमिकामा कमी आउन नदिईने प्रतिवद्धता जनाउनु भएको थियो । कार्यक्रममा उप महालेखापरीक्षक श्री विन्दु विष्टले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति सहित यो वर्षको लेखापरीक्षण योजना, नीति तथा कार्यक्रम सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।



आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्वन्धी अन्तरक्रिया कार्यक्रममा उठेका विभिन्न जिज्ञासा तथा लेखापरीक्षण नीति तथा कार्यक्रम सम्वन्धमा जानकारी प्रदान गर्नुहुदै कार्यवहाक महालेखापरीक्षक, उत्तरदायी अधिकृत र अन्य पदाधिकारीहरु ।

कार्यवाहक महालेखापरीक्षकसँग अमेरिकी प्रतिनिधिमण्डलको शिष्टाचार भेट



कार्यवहाक महालेखापरीक्षक श्री महेश्वर काफ्लेसँग U.S. Global Anti-Corruption Department of State का Richard Nephew को भेटघाट ।

२६ श्रावण, २०८०

महालेखापरीक्षकको कार्यालयमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेसँग U.S. Global Anti-Corruption Department of State का Richard Nephew सहितको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको थियो । उक्त अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले भ्रमण टोलीको स्वागत गर्दै महालेखापरीक्षकको कार्यालयको संगठन संरचना, लेखापरीक्षण पद्धति तथा प्रतिवेदन प्रणालीको सम्वन्धमा जानकारी प्रदान गर्नु भएको थियो । त्यसैगरी वहाँले नेपालको सर्वोच्च लेखापरीक्षण संस्था र भ्रष्टाचार नियन्त्रण सम्वन्धी कार्य गर्ने अन्य संवैधानिक निकायसँगको समन्वय र सहकार्यको बारेमा जानकारी गराउनु भएको थियो । त्यस्तै U.S. Global Anti-Corruption Department का संयोजक Richard Nephew ले भ्रष्टाचार नियन्त्रणमा महालेखापरीक्षकको भूमिका महत्वपूर्ण रहने र वित्तीय कारोबारमा पारदर्शिता र अनुशासन कायम गर्न आवश्यक रहेको उल्लेख गर्दै नेपाल भ्रमणको उद्देश्यको बारेमा जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री बामदेव अधिकारीले महालेखापरीक्षकको कार्यालयको क्षमता विकास सम्बन्धी कार्यक्रमका विषयमा जानकारी प्रदान गर्नु भएको थियो । सो भेटघाट कार्यक्रममा नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले भष्टाचार नियन्त्रण सम्बन्धी संस्थागत तथा कानूनी व्यवस्था र त्यसको कार्य सञ्चालन प्रणालीका सम्वन्धमा प्रकाश पार्नु भएको थियो भने नायव महालेखापरीक्षक श्री पदमराज पौडेलले प्रतिनिधिमण्डलले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो । उपमहालेखापरीक्षक श्री विन्दु विष्टले प्रतिनिधिमण्डलले नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको समेत भ्रमण कार्यक्रम राखेर अनुभव आदानप्रदानको अवसर प्राप्त भएकोमा सवैलाई हार्दिक धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो ।



U.S. Global Anti-Corruption Department of State का Richard Nephew सहितको प्रतिनिधि मण्डलसँगको भेटघाट तथा छलफल पश्चात् सहभागी पदाधिकारीहरु ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023

कार्यवाहक महालेखापरीक्षक राममाया कुँवरको विदाई



कार्यवहाक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले सेवा निवृत्त हुनु भएका निवर्तमान महालेखापरीक्षक श्री राममायाँ कुँवरलाई कदरपत्र प्रदान गर्नुहुँदै साथमा उप-महालेखापरीक्षकहरु तथा अन्य ।

२५, साउन २०८०

महालेखापरीक्षकको कार्यालयबाट मिति २०७९।०४।१८ देखि सेवा निवृत्त हुनु भएका कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवरको एक कार्यक्रमबीच विदाई गरिएको छ। विदाई कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नवनियुक्त कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले कार्यालयमा कार्यरत रहँदा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै उहाँको ज्ञान, सीप, दक्षता र अनुभव सबैको लागि अनुकरणीय रहेको बताउनु भएको थियो । उहाँले विदाई हुनु भएका कार्यवाहक महालेखापरीक्षक श्री कुँवरको सेवा निवृत्त जीवन स्वस्थ, सुखमय र राष्ट्रिय जीवनका उपयुक्त क्षेत्रहरुमा निरन्तर क्रियाशील रहोस भनी कामना गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकज्यू र उपमहालेखापरीक्षज्यूले सेवा निवृत्त हुनु भएका कार्यवाहक महालेखापरीक्षकलाई कदरपत्र, मायाँको चिनो र दोसल्ला ओडाई सम्मान गर्नु भएको थियो । सो अवसरमा मिति २०८०।०४।२६ देखि सेवा निवृत्त हुन लाग्नु भएका नायव महालेखापरीक्षक श्री पदमप्रसाद आचार्यको सेवा निवृत्त जीवन सुखमय र क्रियाशील रहोस भनी शुभ कामना व्यक्त गर्दै विदाई गरिएको थियो ।

सन्देश...

लेखापरीक्षणको प्रारम्भमा नै लेखापरीक्षकहरूले आचारसंहिताको घोषणा गर्नु पर्ने, प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व नायव महालेखापरीक्षकको तहबाट पुनरावलोकनको व्यवस्था, लेखापरीक्षण फाईलको नमुना छनौट गरी प्रतिवेदन जारी गर्नुपूर्व गुणस्तर नियन्त्रण आश्वस्तता प्रतिवेदन र प्रतिवेदन जारी पश्चात गुणस्तर आश्वस्तता पुनरावलोकनको व्यवस्था गरिएको छ। त्यसैगरी पेशागत मूल्य, आचरण पालना स्थितिको अनुगमन गर्न तत सम्बन्धी समिति गठन गरी क्रियाशील बनाइएको छ । संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम महालेखापरीक्षकको कार्यालय स्थापनाको ६५ वर्षमा ६० वटा वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरिसकेको अवस्था छ। नागरिकको बढ्दो चाहना, सञ्चार माध्यमहरुको सक्रियता, सरोकारवालाहरुको सार्वजनिक वित्त व्यवस्थापन प्रति बढ्दै गएको संवेदनशीलताले महालेखापरीक्षकको प्रतिवेदनको महत्व बढाउँदै गएको देखिन्छ। तथापी नागरिकको विश्वास र अपेक्षा अनुरुप उनीहरुको जीवनमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले अनुभूतित प्रभाव ल्याउन थप क्रियासिलताको अवस्था रहेको छ भने संस्थागत सुधार, लेखापरीक्षण विधिमा सुधार, गुणस्तरीय प्रतिवेदन र सो प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको अवस्था रहेको छ। तसर्थ वार्षिक प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक निकायहरुलाई मौजुदा कानूनको पालना र आर्थिक अनुशासन कायम गर्दै सार्वजनिक जवाफदेहिताको अभिवृद्धिका माध्यमबाट वित्तीय सुशासन कायम गर्नु गराउनु आजको आवश्यकता रहेको छ ।

महेश्वर काफ्ले
कार्यवाहक महालेखापरीक्षक

कार्यवाहक महालेखापरीक्षकबाट पदबहाली ग्रहण



कार्यवहाक महालेखापरीक्षक श्री महेश्वर काफ्लेबाट पदवहाली गरी कार्य प्रारम्भ गर्नुहुँदै ।

१८ श्रावण, २०८०

संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा २० मा महालेखापरीक्षकको पद रिक्त हुन आएको अवस्थामा वरिष्ठतम उप महालेखापरीक्षकले कार्यबाहक महालेखापरीक्षक भई काम गर्ने व्यवस्था रहेको छ । कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवरले मिति २०८०।०४।१८ गतेदेखि लागू हुने गरी दिनु भएको राजिनामा स्वीकृति पश्चात महालेखापरीक्षकको पद रिक्त हुन गएकोले उक्त कानूनी व्यवस्था बमोजिम वरिष्ठतम उपमहालेखापरीक्षक



कार्यवहाक महालेखापरीक्षक श्री महेश्वर काफ्लेलाई पदवहाली कार्यक्रममा स्वागत गर्दै, साथमा उप- महालेखापरीक्षकहरु, नायव महालेखापरीक्षकहरु, निर्देशकहरु तथा अन्य ।

श्री महेश्वर काफ्लेले मिति २०८०।०४।१८ देखि कार्यवाहक महालेखापरीक्षकको जिम्मेवारी प्राप्त गर्नु भएको हो । कार्यालयमा आयोजित एक कार्यक्रमवीच कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेले पदवहाली गर्नु भएकोमा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक सहित कार्यालयका कर्मचारीहरुले शुभकामना प्रदान गर्नु भएको थियो । सो कार्यक्रमलाई सम्वोधन गर्दै कार्यवाहक महालेखापरीक्षक श्री काफ्लेले कानूनीरुपमा प्राप्त यस जिम्मेवारीलाई कार्यालयले अवसरका रुपमा लिई कुशलतापूर्वक बहन गर्नुपर्ने आवश्यकता रहेको बताउनुहुँदै कार्यक्रमको आयोजना गरी शुभकामना प्रदान गर्नुहुने कार्यालयमा कार्यरत सबै कर्मचारीहरुलाई आभार तथा धन्यवाद प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले कार्यालयले आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्वन्धी कार्यक्रम कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको सन्दर्भमा सम्पूर्ण कर्मचारीहरु उच्च मनोवलका साथ त्यसलाई तोकिएकै समयसारिणीमा सम्पन्न गर्न गराउन आआफ्नो भूमिका अनुसार क्रियाशील भई कार्यस्थलमा पेशागत आचरण र उच्चस्तरको व्यवसायिकता प्रदर्शन गर्नुपर्ने आवश्यकता माथि जोड दिनु भएको थियो । उहाँले यो वर्षको लेखापरीक्षण व्यवस्थापनलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सघाउ पुऱ्याउन तत सम्वन्धी विस्तृत निर्देशन यथाशीघ्र सम्प्रेषण गरिने जानकारी प्रदान गर्नुहुँदै पदीय जिम्मेवारी वहनमा सदाझैं सबैको साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । सो कार्यक्रमको सञ्चालन नायव महालेखापरीक्षक श्री बालकृष्ण थापाले गर्नु भएको थियो ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८० स्वीकृत

१० श्रावण, २०८०

संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र संघीय कानुनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय विवरण, कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औँल्याइ सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार ल्याउन एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय वा संस्थाको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । प्रत्येक वर्ष लेखापरीक्षण कार्यलाई प्रभावकारी र सुव्यवस्थित बनाउन लेखापरीक्षणको क्षेत्र, पद्धति, परीक्षण गर्ने विषयवस्तु समावेश गरी वार्षिक लेखापरीक्षण योजना तर्जुमा गरिन्छ । यसलाई एउटा आर्थिक वर्षको लेखापरीक्षण नीतिका रुपमा समेत लिने गरिन्छ । यो वर्ष कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवरज्यूबाट मिति २०८०।०४।१० गते अन्तिम लेखापरीक्षण गर्न वार्षिक लेखापरीक्षण योजना, २०८० स्वीकृत गरेपश्चात् लेखापरीक्षण कार्यलाई व्यवस्थित, गुणस्तरीय र निर्धारित समयमा सम्पन्न गर्न दिशानिर्देश गरेको छ । यो लेखापरीक्षण योजनाले जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई आत्मसात गर्दै लेखापरीक्षण गर्नुपर्ने सम्पूर्ण निकायहरुलाई उच्च जोखिम र न्यून जोखिममा वर्गिकरण गरिएको छ भने सबै उच्च जोखिममा परेका निकायहरुमा लेखापरीक्षण टोली स्थलगतरुपमा खटिई परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । यो वर्ष लेखापरीक्षण कार्य श्रावणको अन्तिम हप्ताबाट प्रारम्भ गरी तीन चरणमा गरेर माघ मसान्तमा सम्पन्न गरिने उल्लेख छ । आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गर्न स्वीकृत लेखापरीक्षण योजनाका प्रमुख व्यवस्थाहरु निम्नानुसार रहेका छन ।

१.वित्तीय तथा परिपालना लेखापरीक्षण

नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम सरकारी निकायहरूको वित्तीय लेखापरीक्षण गरिने व्यवस्था रहेको छ । वित्तीय लेखापरीक्षणमा वित्तीय विवरण सही एवं यथार्थ भएनभएको र खर्चको पुष्टयाई हुने आधारभुत कागजात संलग्न भए नभएको परीक्षण गरिन्छ । नेपाल सार्वजनिक क्षेत्र लेखामानले दिएको विकल्प बमोजिम वित्तीय तथा परिपालनाको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु एउटै लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिने उल्लेख छ । यद्यपि यो वर्ष संघ, प्रदेश र स्थानीय तहहरूले निर्माण गरेको सहकारी संस्था सञ्चालन र अनुगमन सम्बन्धी विषयको परीक्षण गरी परिपालनाको लेखापरीक्षण प्रतिवेदन छुट्टै तयार गरिने व्यवस्था रहेको छ। यो वर्ष संघ, प्रदेश, स्थानीय तह अन्य संस्थासमेत गरी ६२८२ ईकाईको वित्तीय तथा परिपालना लेखापरीक्षण सम्पन्न गरिनेछ ।

२. कार्यमूलक लेखापरीक्षण

कार्यमूलक लेखापरीक्षणमा स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने सन्दर्भमा सबै वा कुनै दुई वा एक पक्षको मूल्याङ्कन गरी सोबाट प्राप्त नतिजाको आधारमा सुझावसहितको प्रतिवेदन तयार गरिन्छ। कार्यमूलक लेखापरीक्षण गर्न सरकारको लगानी, प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासोको विषय, लेखापरीक्षण सल्लाहकार समितिबाट प्राप्त सुझाव, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारले देखाएको चासोलाई महत्व दिई उपलब्ध स्रोत साधन समेतलाई दृष्टिगत गरी प्राथमिकताका आधारमा विषय छनौट गरिएको छ । यो वर्ष कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट लेखापरीक्षण गरिने विषयहरु निम्न रहेका छन ।

क्र.सं.	बिषय
१	राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम
२	सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कार्यान्वयन
३	काली गण्डकी करिडोरको कार्यसम्पादन
४	स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता
५	नेपाली नियोगबाट भएको वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाह (मलेशिया र साउदी अरेबिया)
६	तराई मधेश समृद्ध कार्यक्रम
७	कारागार पुर्वाधार व्यवस्थापन
८	संघीय भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था
९	खाद्य सुरक्षा कार्यक्रम तथा सो को कार्यान्वयन

त्यसैगरी यो वर्ष सम्बन्धित महानिर्देशनालयले कार्यमूलक लेखापरीक्षण गर्ने विषय छनौट गरी सर्भेक्षण प्रतिवेदनका आधारमा सम्पादन गर्ने व्यवस्था गरिएको छ । सम्बन्धित निर्देशनालयले गर्ने कार्यमूलक लेखापरीक्षणको योजना तर्जुमा, कार्यान्वयन चरणमा आवश्यकताअनुसार सहयोग र प्रतिवेदन चरणमा संयोजन गर्ने कार्य कार्यमूलक महानिर्देशनालयले गर्नेछ । यो वर्ष अन्य निर्देशनालयबाट कार्यमूलक लेखापरीक्षण गरिने विषयहरु निम्न रहेका छन ।

क्र.सं.	बिषय	निर्देशनालय
१	चिया तथा कफी विकास कार्यक्रमको प्रभावकारिता	कृषि पशुपन्क्षी निर्देशनालय
२	व्यवसायिक सीप विकास तालिमको प्रभावकारिता	उद्योग वाणिज्य निर्देशनालय
३	सभा सम्मेलन हल उपयोगको अवस्था	शहरी विकास निर्देशनालय
४	काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना	पुर्वाधार विकास निर्देशनालय
५	निजामती अस्पतालको सेवा प्रवाह	संवैधानिक निर्देशनालय
६	कर्णाली प्रदेश पर्यटकीय पुर्वाधार योजनाको कार्यान वयन	कर्णाली प्रदेश निर्देशनालय
७	सुदूरपश्चिम प्रदेशका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि ज्ञान केन्द्रबाट वितरण भएको अनुदानको प्रभावकारिता	सुदूरपश्चिम प्रदेश निर्देशनालय
८	उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन	संस्कृत पर्यटन निर्देशनालय
९	जफत गरिएका सामानहरूको व्यवस्थापन	भन्सार निर्देशनालय
१०	करको दायरा विस्तार	आन्तरिक राजस्व निर्देशनालय
११	विद्यालय पुर्वाधारको उपयोग	शिक्षा तथा विश्वविद्यालय निर्देशनालय
१२	कोभिड १९ नियन्त्रण र व्यवस्थापनको क्रममा प्राप्त उपकरण तथा औषधिजन्य सामग्रीको उपयोग	स्वास्थ्य निर्देशनालय

३. वातावरणीय लेखापरीक्षण

वातावरणमा परेको र पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न तथा भविष्यमा त्यस्ता असर पर्न नदिनका लागि विभिन्न सरकारी कार्यालय तथा निकायहरुले गरेका प्रयासहरुको पर्याप्तता, सोको प्रभावकारिताको अध्ययन विश्लेषण गरी भविष्यमा गर्नुपर्ने सुधारका पक्षहरुको सम्बन्धमा प्रतिवदेन गर्ने उद्देश्यले वातावरणीय लेखापरीक्षण गरिदै आईएको छ। यस वर्ष कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट वातावरणीय लेखापरीक्षण गर्नका लागि देहायका विषयहरु छनौट गरिएको छ:

क्र.सं.	विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	विपद व्यवस्थापनमा सेन्प्रई फ्रेमवर्कको कार्यान्वयन अवस्था	कार्यमुलक विशेष	गृह
२	औषधिजन्य फोहोर व्यवस्थापन	कार्यमुलक	स्वास्थ्य

४. सूचना प्रविधि लेखापरीक्षण

सरकारी कार्यालयहरुले प्रयोग गरेका सूचना प्रविधिहरुको वातावरणीय पक्ष र सोको नियन्त्रणको वातावरणको अध्ययन गरी प्रतिवेदन गर्ने उद्देश्यले यो वर्ष देहायको विषयहरु सूचना प्रविधि निर्देशनालयबाट सूचना प्रविधि लेखापरीक्षणको लागि छनौट गरिएको छ ।

क्र.सं.	विषय	सम्बन्धित निकाय
१	एकद्वार प्रणाली कार्यान्वयन अवस्था	भन्सार विभाग, उद्योग तथा वाणिज्य मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय

५.संगठित संस्थाको लेखापरीक्षण

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न कार्यालयमा कार्यरत सम्बन्धित निर्देशनालयको जनशक्तिबाट र पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गर्दै आएकोमा यो वर्ष देहायका संगठित संस्थाको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट गर्ने गरी लेखापरीक्षण योजना रहेको छ ।

क्र.सं.	निकायको नाम	आर्थिक वर्ष	महानिर्देशनालय
१	नेपाल वायुसेवा निगम	२०७९।८०	सार्वजनिक संस्थान
२	नेपाल पारवहन तथा गोदाम कम्पनी लि.	२०७९।८०	
३	नेपाल पूर्वाधार कम्पनी लि.	२०७९।८०	

६५ औँ वार्षिकोत्सव समारोह सम्पन्न

आषढ १५, २०८०

महालेखापरीक्षकको कार्यालयले स्थापनाको ६५ औँ वार्षिकोत्सव, २०८० हाजिरी जवाफ प्रतियोगिता, स्वास्थ्य परीक्षण, प्रवचन, रक्तदान, शुभकामना आदानप्रदान, सम्मान तथा पुरस्कार वितरण जस्ता कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरेको छ । कार्यालयको वार्षिकोत्सव कार्यक्रम अन्तर्गत अन्तिम दिन असार १५ गते सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यमा शुभकामना, सम्मान तथा पुरस्कार वितरण सहितका कार्यक्रम आयोजना गरी सम्पन्न भयो । कार्यक्रममा माननीय अर्थमन्त्री डा प्रकाशशरण महत, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री अर्जुन नरसिंह केसी निवर्तमान सभापति भरतकुमार शाह तथा संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवहरु, विभिन्न सुरक्षा निकायका प्रमुखहरु, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु, नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरु, पत्रकार तथा संचारकर्मी र कार्यालयका वर्तमान तथा पूर्व कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूले महालेखापरीक्षकको कार्यालयले विभिन्न कार्यक्रमहरुको आयोजना गरी ६५ औँ वार्षिकोत्सव मनाउँदै गरेकोमा सबैलाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै लेखापरीक्षण प्रतिवेदनले आर्थिक पक्षमा भएका विकृति, विसंगतीहरुलाई निष्ठा, ईमानदारिता तथा पारदर्शी ढंगले यथार्थपरक रुपमा बाहिर ल्याएको बताउनु भएको थियो । उहाँले सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न र सार्वजनिक क्षेत्र तथा निकायमा हुने आर्थिक अनियमितता एवं चुहावट नियन्त्रणका लागि नेपालको संविधान तथा प्रचलित कानूनले महालेखापरीक्षकलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको चर्चा गर्दै त्यसलाई पूरा गर्न कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यकता माथि जोड दिनु भएको थियो । त्यसैगरी सम्माननीय सभामुखज्यूले राज्यको स्रोत साधन र कोष सञ्चालन गर्ने सबै सरकारी निकायहरुले वित्तीय अनुशासन र जवाफदेहिता वहनमा नेतृत्वदायी भूमिका निर्वाह गरी सकभर अनियमितता र बेरुजु हुनै नपाउने गरी कामकारवाही सञ्चालन गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा माननीय अर्थमन्त्री डा प्रकाशशरण महतज्यूले शुभकामना मन्तव्य व्यक्त गर्दै राज्यका तीनवटै अंग तथा तीनै तहका सरकारको कार्यसम्पादन मूल्यांकन गरी प्रतिवेदन गर्ने जिम्मेवारी महालेखापरीक्षकको रहेको उल्लेख गर्नुहुँदै लेखापरीक्षण प्रतिवेदनको सुझाव कार्यान्वयन गरी वित्तीय सुशासन कायम गर्नुपर्ने र सूचना प्रविधिको उच्चत्तम प्रयोगलाई जोड दिई स्वचालित कार्यप्रणाली अपनाउनु पर्ने आवश्यकता औँल्याउनु भयो । सो कार्यक्रममा माननीय अर्थमन्त्री महतज्यूले सार्वजनिक आर्थिक कारोबार सञ्चालनमा पारदर्शिता तथा स्वच्छता कायम गर्न नेपाल सरकार प्रतिवद्ध रहेको र लेखापरीक्षणबाट प्राप्त सुझाव कार्यान्वयनमा सम्बद्ध निकायहरुले तदारुकता साथ काम गर्नुपर्ने खाँचो रहेको बताउनु भएको थियो । उक्त वार्षिकोत्सव कार्यक्रममा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका माननीय सभापति श्री अर्जुन नरसिंह केसीले वार्षिकोत्सवको शुभकामना प्रदान गर्नुहुँदै जनताबाट संकलन गरेको कर पारदर्शी तथा विधिसम्मत खर्च भए नभएको मूल्यांकन गरी यथार्थ प्रतिवेदन तयार गर्न तथा लेखापरीक्षण गर्दा दवाव, प्रभावमा नपरी कार्यसम्पादन गर्नुपर्ने विषयलाई जोड दिदै संसदका समितिहरुले दिएका सुझावहरु कार्यान्वयन हुनुपर्ने विचार व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवरले कार्यक्रममा उपस्थित प्रमुख अतिथी तथा अतिथीहरुलाई धन्यवाद ज्ञापन गर्नुहुँदै लेखापरीक्षणमा अपनाईएका विधि, प्रक्रिया र मान्यताका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुँदा वित्तीय सुशासनमा अपेक्षितस्तरमा अनुभूति गराउन नसकिएको उल्लेख गर्नुहुँदै महालेखापरीक्षकको कार्यालयले स्थानीय तहको लेखापरीक्षणलाई विशेष महत्व दिदै आएको बताउनु भएको थियो ।

महालेखापरीक्षकको कार्यालयको ६५ औँ वार्षिकोत्सवको अवसरमा मिति २०८०।०३।१० गते आयोजित हाजिरी जवाफ प्रतियोगितामा ३ जना सम्मिलित ८ वटा टोलीलाई १० राउण्डमा प्रश्न राखिकोमा प्रथम हुने टोलीका सहभागीहरुमा निर्देशक श्री कमलराज अर्याल, लेखापरीक्षण अधिकारी श्री अशोक अर्याल र लेखापरीक्षण अधीक्षक श्री नविन रिमाल रहेका थिए भने द्वितिय हुने टोलीका सहभागीहरुमा लेखापरीक्षण अधिकारी श्री अर्जुन चौधरी, लेखापरीक्षण अधिकारी श्री योगेश चौधरी र कम्प्युटर अपरेटर श्री अर्जुन राउत थिए । त्यसैगरी उक्त हाजिरी जवाफ प्रतियोगितामा तृतीय हुने टोलीका सहभागीहरुमा लेखापरीक्षण अधिकारी श्री सर्जु तामाङ, लेखापरीक्षण अधिकारी श्री कमल कुमार गणेश र लेखापरीक्षण अधीक्षक श्री रविकुमार दास रहेका थिए । सो वार्षिकोत्सवको अवसरमा कार्यालयले निजामती सेवामा २५ वर्ष सेवा अवधि पूरा गर्नु भएका विभिन्न पदमा कार्यरत २९ जना कर्मचारी र अनिवार्य अवकाश तथा राजिनामा दिई सेवाबाट निवृत्त हुनु भएका १६ कर्मचारीलाई सम्मान गरेको थियो । कार्यालयले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ६१ जना कर्मचारीहरुले रक्तदान गरेका थिए ।

वार्षिकोत्सव कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत ९ जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो । यसरी पुरस्कृत हुने कर्मचारीहरुमा निर्देशकहरु श्री अनन्तप्रसाद तिवारी, श्री टोपलाल पौडेल, श्री ताराध्वज सुनुवार तथा लेखापरीक्षण अधिकारीहरु श्री घनश्याम पौडेल, श्री लुमविक्रम शाह, श्री कृपा मरहट्ठा एवं लेखापरीक्षण अधीक्षक श्री ब्रहमाप्रसाद यादव, श्री घनश्याम अधिकारी र कार्यालय सहयोगी श्री रञ्जु दाहाल हुनुहुन्थ्यो ।



६५ औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू ।



६५ औं वार्षिकोत्सव समारोहमा उपस्थित प्रमुख अतिथि सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू सहित अतिथिहरु नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाश शरण महतज्यू, सार्वजनिक लेखा समितिका सभापति श्री अर्जुन नरसिंह के.सीज्यू, कार्यवहाक महालेखापरीक्षक श्री राममायाँ कुँवरज्यू ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023



वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुख श्री देवराज घिमिरे ।



६५ औं वार्षिकोत्सव समारोहमा उपस्थित अतिथिहरु, उप-महालेखापरीक्षकज्यूहरु नयाव महालेखापरीक्षकज्यूहरु तथा कार्यालयका कर्मचारीहरु ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023



६५ औं वार्षिकोत्सव समारोहमा स्वागत मन्तव्य राख्नुहुँदै उप-महालेखापरीक्षक श्री महेश्वर काफ्ले ।



६५ औं वार्षिकोत्सवमा सहभागी अतिथिहरु एवं कार्यालयका कर्मचारीहरु ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023



६५ औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यवहाक महालेखापरीक्षक श्री राममायाँ कुँवर ।



६५ औं वार्षिकोत्सव कार्यक्रम अन्तर्गत् फोटोसेसन कार्यक्रममा अतिथिहरु साथ कार्यालयका उप-महालेखापरीक्षकज्यूहरु ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023



वार्षिकोत्सव फोटोसेसन कार्यक्रममा अतिथिहरु साथ कार्यालयका नायव महालेखापरीक्षकज्यूहरु ।



वार्षिकोत्सव फोटोसेसन कार्यक्रममा अतिथिहरु साथ यो वर्ष कार्यालयबाट उत्कृष्ट कार्यसम्पादन गर्ने पुरस्कृत कर्मचारीहरु ।

सहयोग कार्यक्रमको उद्घाटन



'USAID Support to Auditor General Support Activity in Nepal' कार्यक्रमको उद्घाटन पश्चात वर्तमान कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारी र श्री विन्दु विष्ट एवं USAID Agency Counselor Mr. Clinton White सहित अन्य पदाधिकारीहरु ।

आषाढ १, २०८०

महालेखापरीक्षकको संस्थागत क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउने उद्देश्यले अमेरिकी सहयोग कार्यक्रम USAID को सहयोगमा जुन २०२३ देखि जुलाई २०२६ सम्म सञ्चालन हुने 'USAID Auditor General Support Activity in Nepal' कार्यक्रमको कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवर र USAID Agency Counselor Mr. Clinton White ले महालेखापरीक्षकको कार्यालयमा आयोजित एक कार्यक्रमवीच उदघाटन गर्नु भएको थियो । उक्त सहयोग कार्यक्रमको लागत १० लाख अमेरिकी डलर रहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य कार्यालयको क्षमता अभिवृद्धि गर्ने, वित्तीय तथा कार्यमूलक लेखापरीक्षणको गुणस्तर बढाउने, महालेखापरीक्षकको कार्यालयको संचार रणनीति तर्जुमा गर्ने र कार्यालयमा हाल कार्यरत कर्मचारीको ज्ञान, सीप तथा क्षमतामा सुधार ल्याउँदै समग्रमा लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि ल्याउने रहेको छ । उक्त सहयोग कार्यक्रमको उदघाटन समारोहलाई सम्बोधन गर्दै कार्यवाहक महालेखापरीक्षक श्री कुँवरज्यूले यस सहयोगबाट महालेखापरीक्षकको कार्यालयको विद्यमान जनशक्तिको ज्ञान, सीप तथा क्षमताको विकास, संस्थागत सुदृढीकरण सहित समग्र लेखापरीक्षणको गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा व्यक्त गर्नु भएको थियो । साथै उहाँले महालेखापरीक्षकको कार्यालयलाई सहयोग प्रदान गर्ने अमेरिकी सहयोग कार्यक्रम USAID लाई धन्यवाद प्रकट गर्नु भएको थियो । अमेरिकी सहयोग कार्यक्रम USAID Agency Counselor Mr. Clinton White ले यो सहयोग कार्यक्रमले नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता अभिवृद्धिको लक्ष्य हासिल हुन सक्ने विश्वास व्यक्त गर्नु भएको थियो । साथै Counselor Mr. Clinton White ले यो सहायता कार्यक्रमबाट सञ्चालन हुने क्रियाकलापले पारदर्शिता, जवाफदेहिता, सदाचारको माध्यमबाट वित्तीय सुशासन अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा राख्नु भएको थियो । सो कार्यक्रममा वर्तमान कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरी USAID Mission Director Mrs. Sepideh Keyvanshad ले सहयोग कार्यक्रमको उद्देश्य, क्षेत्र, र महत्वमाथि प्रकाश पार्नु भएको थियो ।

वर्ष ६, अंक २३, २०८० भाद्र (Year 6, Issue 23 Aug/Sep, 2023



'USAID Support to Auditor General in Nepal' कार्यक्रमको उद्घाटन पश्चात् सामुहिक फोटोसेसनमा सहभागीहरु ।

नेपालको सरकारी लेखाफाराम संशोधनको स्वीकृति प्रदान

३० जेष्ठ, २०८०

नेपालको संविधानको धारा २४१ को उपधारा (४) मा सबै सरकारी कार्यालयको लेखा संघीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राख्ने उल्लेख गरिएको छ । विनियोजन, राजस्व, धरौटी तथा अन्य सरकारी कारोवारको लेखा दोहोरो लेखाप्रणालीको सिद्धान्तमा आधारित हुन्छ । खासगरी सरकारी कारोवारको लेखाङ्कन गर्ने तथा प्रतिवेदन प्रक्रिया लेखाका मान्य सिद्धान्त यस क्षेत्रमा विकसित भएका नविनतम अवधारणा र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शन बमोजिम महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे अनुसार हुने व्यवस्था रहेको छ। अन्तर्राष्ट्रिय लेखामान, कानूनी व्यवस्था, कारोवारको तौर, तरिका तथा प्रकृतिमा भएको परिवर्तन अनुरुप लेखाढाँचामा समयसापेक्ष सुधार गर्दै आएको देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५(४) अनुसार लेखा ढाँचा तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने विषय उल्लेख गरेको छ । यसको साथै अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ३१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्नको लागि महालेखा नियन्त्रक कार्यालयबाट केही फाराम थप, परिमार्जन सहित १८४ वटा लेखाफारममा संशोधनका गरी स्वीकृतिका लागि माननीय महालेखापरीक्षक समक्ष मिति २०७९।०९।२४ मा पेश गरिएको थियो । महालेखापरीक्षकको कार्यालयको मिति २०८०।०२।२६ मा बसेको केन्द्रीय समन्वय समितिको वैठकको निर्णय बमोजिम कार्यवाहक महालेखापरीक्षक श्री राममाया कँवरज्यूबाट २०८०।०२।३० मा नेपालको सरकारी लेखाफाराम (म.ले.प. फाराम), २०७६ पहिलो संशोधनको स्वीकृति प्रदान गर्नु भएको थियो । यसरी स्वीकृत गरिएका १८४ वटा फारामहरु मिति २०८०।०४।०१ देखि संघ, प्रदेश र स्थानीय तहमा लागू गरिएका छन् ।

कार्यवाहक महालेखापरीक्षकबाट पदबहाली

१६ जेष्ठ, २०८०

संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०५३ को दफा २० मा महालेखापरीक्षकको पद रिक्त हुन आएको अवस्थामा वरिष्ठतम उप महालेखापरीक्षकले कार्यबाहक महालेखापरीक्षक भई काम गर्ने व्यवस्था रहेको छ । पूर्व महालेखापरीक्षक श्री टंकमणि, शर्मा दंगालज्यूको नेपालको संविधानको धारा २४० अनुसार तोकिएको ६ वर्षको पदावधि मिति २०८०।०२।०७ मा पूरा भई महालेखापरीक्षकको पद रिक्त हुन गएकोले उक्त कानूनी व्यवस्था बमोजिम वरिष्ठतम उपमहालेखापरीक्षक श्री राममाया कुँवरले मिति २०८०।०२।०८ देखि नै कार्यवाहक महालेखापरीक्षकको जिम्मेवारी प्राप्त गर्नु भएको थियो । कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवर २०८०।०२।०७ देखि वैदेशिक भ्रमणमा रहनु भएकोले स्वदेश फर्केपछि जेष्ठ १६ गते कार्यालयमा आयोजित एक कार्यक्रमवीच कार्यवाहक महालेखापरीक्षकको पदवहाली गर्नु भएको थियो । उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक श्री कुँवरज्यूले पदवहाली गर्नु भएकोमा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक सहित कार्यालयका कर्मचारीहरुले शुभकामना प्रदान गर्नु भएको थियो । सो कार्यक्रमलाई सम्वोधन गर्दै कार्यवाहक महालेखापरीक्षकले कानूनीरुपमा आफूलाई प्राप्त यस जिम्मेवारीले खुशी र गर्वको अनुभूति भएको बताउनु हुँदै कार्यक्रमको आयोजना गरी शुभकामना प्रदान गर्नुहुने कार्यालयमा कार्यरत सबै कर्मचारीहरुलाई आभार तथा धन्यवाद प्रकट गर्नुभएको थियो । यसको साथै कार्यवाहक महालेखापरीक्षकले पदवहाली पश्चात कर्मचारीहरुलाई विशेष निर्देशन दिनुहुँदै कार्यालयको गरिमालाई उँचो बनाउन सम्पूर्ण कर्मचारीमा एकता, विश्वास, पेशागत आचरण र व्यवसायिकतामा जोड दिनु भएको थियो । उहाँले आजै देखि आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण नीति, योजना तथा कार्यक्रमको निर्माणमा सम्वद्ध कर्मचारीहरुलाई जुट्न एवं कर्मचारीहरुको क्षमता विकास सम्बन्धी अनवरत पेशागत तालिमलाई निरन्तरता प्रदान गरी निर्धारित कार्यतालिका बमोजिम सम्पन्न गर्न निर्देशन प्रदान गर्नुहुँदै पदीय जिम्मेवारी वहनमा सबैको साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भएको थियो । सो कार्यक्रमको सञ्चालन नायव महालेखापरीक्षक श्री बालकृष्ण थापाले गर्नु भएको थियो ।

पूर्व महालेखापरीक्षकज्यूबाट सबैमा कृतज्ञता व्यक्त



सवैधानिक रुपमा कार्यकाल सम्पन्न गर्न लाग्नु भएका पूर्व महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाललाई मायाको चिनो प्रदान गर्नुहुँदै वर्तमान कार्यवाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले ।

७ जेठ, २०८०

नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषदको सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट २०७४।०२।०८ मा महालेखापरीक्षकको पदमा नियुक्ति हुनुभएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू संवैधानिक व्यवस्था अनुसार मिति २०८०।०२।०७ गते छ वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गरी मिति २०८०।०२।०८ देखि सेवानिवृत्त हुनु भएको थियो । महालेखापरीक्षकको कार्यालयको स्थापना वि.सं. २०१५ आषाढ १५ देखि हालसम्म ११ जना महालेखापरीक्षकहरुको नियुक्ति भई सबैले संवैधानिक व्यवस्था अनुसार आ आफ्नो पदावधि पूरा गर्नु भएको छ । ११ औँ महालेखापरीक्षकको रुपमा कार्यभार पूरा गर्नु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले विदाई हुनु अघि आफ्नो कार्यकाललाई उपलब्धिमूलक बनाउन विशेष मार्गदर्शन दिनुहुने सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्मानीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधान न्यायाधीशज्यू, संघीय संसदका प्रतिनिधी सभाका सम्माननीय सभामुखज्यू र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूमा हार्दिक कृतज्ञता प्रकट गर्नुभएको थियो । साथै उहाँले संघीय संसद, नेपाल सरकार, प्रदेश सभा, प्रदेश सरकार, संवैधानिक निकाय, स्थानीय तह, लेखापरीक्षण सल्लाहकार समिति, सञ्चारकर्मी, नागरिक समाज, विकास साझेदार, आम नागरिक लगायत महालेखापरीक्षकको कार्यालयका सम्पूर्ण कर्मचारी प्रति आभार व्यक्त गर्दै विशेष धन्यवाद प्रकट गर्नु भएको थियो । महालेखापरीक्षकको कार्यालयले मिति २०८०।०२।०७ गते उहाँको विदाई गर्न एक कार्यक्रमको आयोजना गरेको थियो । सो विदाई कार्यक्रमलाई सम्वोधन गर्दै माननीय महालेखापरीक्षक श्री दंगालज्यूले आज आफूले कार्यालयको कामकारवाहीको सम्वन्धमा कुनै चर्चा गर्नु आवश्यक नदेखेको बताउनुहुँदै आफ्नो छ वर्षको कार्यकालमा सम्पादित कार्यको सम्वन्धमा छ वर्षे कार्ययोजना कार्यान्वयन उपलब्धिको मूल्यांकन प्रतिवेदन तयार भएको र त्यसमा सम्पादन गरिएका सवै विषय रहेको उल्लेख गर्नु भएको थियो । उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आफुले अध्ययन गरेको विद्यालय, विश्वविद्यालय, निजामती सेवामा प्रवेश देखि संवैधानिक निकायको प्रमुखको हैसियतमा विदाई हुँदाका क्षणसम्मका महत्वपूर्ण अनुभूतिहरुको चर्चा गर्दै कुनै पनि व्यक्ति जुनसुकै भूमिकामा रहेपनि त्यसलाई आफ्नो पूर्ण क्षमताको प्रयोग गरी सम्पादन गर्न सकियो भने त्यसले सवैलाई विशेष सन्तुष्टि प्रदान गर्ने बताउनु भएको थियो । उक्त कार्यक्रममा उपमहालेखापरीक्षज्यूहरुले माननीय महालेखापरीक्षकको कार्यकालमा उहाँसँगै कार्यालयको कार्यसम्पादनका क्रममा हासिल सुखद अनुभूतिहरुको स्मरण सहित चर्चा गर्नु भएको थियो । साथै उहाँहरुले माननीय महालेखापरीक्षज्यूको अवको जीवन स्वस्थ, सक्रिय एवं सुखद रहोस भन्दै आफ्नो व्यक्तिगत तथा सम्पूर्ण कार्यालयको तर्फबाट शुभकामना व्यक्त गर्नु भएको थियो । सो कार्यक्रममा नायव महालेखापरीक्षहरु, निर्देशक, लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधिक्षक सहित कार्यालयका सवै तहका कर्मचारीहरुको सहभागिता रहेको थियो । उपमहालेखापरीक्षकहरुले कार्यालयको तर्फबाट

माननीय महालेखापरीक्षकज्यूलाई दोसल्ला ओढाई सम्मान सहित प्रमाणपत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो । त्यसैगरी महालेखापरीक्षकको कार्यालयको आधिकारिक ट्रेड युनियन तथा अन्य ट्रेड युनियनका तर्फबाट माननीय महालेखापरीक्षकज्यूलाई उहाँको सेवा निवृत्त जीवन स्वस्थ, दीर्घायु, सुखमय तथा परिवर्तित भूमिकामा समेत निरन्तर क्रियाशील रहोस भनी शुभकामना प्रदान गरिएको थियो ।



महालेखापरीक्षकको बिदाइ कार्यक्रम पश्चात् सामुहिक फोटोसेसनमा उपस्थित उप-महालेखापरीक्षकज्यूहरु, नायव महालेखापरीक्षकज्यूहरु र अन्य पदाधिकारी तथा कर्मचारीहरु ।

सम्पादकीय...

विविधता रहेको पाईन्छ । यस्ता सर्वोच्च लेखापरीक्षण संस्थाहरु विशेष कानूनबाट अथवा संविधानमा उल्लिखित व्यवस्था अनुसार गठन गरेको पाईन्छ । सर्वोच्च लेखापरीक्षण संस्थाका आफ्ना मूल्य, मान्यता र यसले प्रदान गर्ने लेखापरीक्षण नतिजाले नागरिकको जीवनमा सकारात्मक प्रभाव ल्याउनु नै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको मूल अभिष्टता रहेको छ । त्यसैले संसारका धेरैजसो मुलुकका नागरिकले आफ्नो सर्वोच्च लेखापरीक्षण संस्थाबाट राख्ने अपेक्षामा त्यति ठूलो अन्तर नहोला जति यस्ता संस्थाहरुको मोडेल वा ढाँचामा अन्तर पाईन्छ ।

खासगरी संसारका विभिन्न मुलुकमा क्रियाशील सर्वोच्च लेखापरीक्षण संस्थाहरुको मोडेललाई तीन किसिममा विभाजन गर्न सकिन्छ । पहिलो वेष्टमिनिष्टर मोडेल, दोस्रो कोर्ट मोडेल र तेस्रो बोर्ड मोडेल हो । वेष्टमिनिष्टर मोडेललाई बेलायत, अमेरिका, भारत, पाकिस्तान, डेनमार्क, पेरु, चिली जस्ता मुलुकहरुले अपनाएको पाईन्छ भने कोर्ट मोडेल टर्की, ब्राजिल, कोलम्बिया लगायत ल्याटिन अमेरिकी मुलुकहरुमा अपनाएको देखिन्छ ।

त्यसैगरी बोर्ड मोडेल जर्मनी, जापान, ईन्डोनेशिया, दक्षिण कोरिया जस्ता मुलुकहरुले अपनाएका छन् । नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको मोडेल वेष्टमिनिष्टर हो । वेष्टमिनिष्टर मोडेलमा सर्वोच्च लेखापरीक्षण संस्थामा एकल नेतृत्व हुन्छ र उसको लेखापरीक्षण प्रतिवेदनमाथि संसद वा त्यसको समितिमा छलफल गरी कार्यपालिकालाई निर्देशन गर्ने कार्य हुन्छ । यस्तो मोडेलमा लेखापरीक्षण प्रभावकारिता लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको कार्यकारिणीबाट हुने कार्यान्वयनमा निर्भर हुन्छ । त्यसैले यस्तो मोडेल अपनाउने मुलुकहरुको सर्वोच्च लेखापरीक्षण संस्थालाई वार्किङ डग (Barking Dog) को रुपमा हेर्ने गरिन्छ । कोर्ट मोडेलको सर्वोच्च लेखापरीक्षण संस्था न्यापालिकाको ढाँचामा सञ्चालन हुने भएकोले सार्वजनिक क्षतिउपर मुद्दा दायर गरी सो उपर न्यायिक सुनुवाई हुन्छ भने यस्तो मोडेलको सर्वोच्च लेखापरीक्षण संस्थामा राजनीतिक प्रभाव र असर कम पर्ने हुन्छ । यस्तो मोडेल अपनाउने मुलुकहरुको सर्वोच्च लेखापरीक्षण संस्थालाई वाईटिङ डग (Biting Dog) को रुपमा हेर्ने गरिन्छ ।

त्यसैगरी बोर्ड मोडेलको सर्वोच्च लेखापरीक्षण संस्थामा संसदबाट नियुक्त एक भन्दा बढी सदस्य रहेको लेखापरीक्षण बोर्ड गठन गरिन्छ जसमा संसदमा बहुमत प्राप्त दलको राजनीतिक प्रभाव लेखापरीक्षण प्रतिवेदनमा पर्दछ ।

सार्वजनिक स्रोतसाधनको परिचालन, व्यवस्थापन तथा उपयोगमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता ल्याउँदै सार्वजनिक निकायमा सदाचारिता, निष्ठा, पारदर्शिता र जवाफदेहिता बढाउन सकेमा नागरिकको राजनीति, प्रशासन सहित राज्यका सबै अंग तथा निकाय प्रति सकारात्मक दृष्टिकोण निर्माणमा सघाउ पुर्याउने अवस्था देखिन्छ ।

नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयप्रतिको सर्वसाधारण नागरिकको विश्वास, भरोसा बढाउँन एवं लेखापरीक्षण सेवाको प्रभाव उनीहरुको दैनिक जीवनमा पुर्याई सकारात्मक अनुभूति ल्याउन महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा समेत निर्भर रहेको तथ्यलाई सबैले आत्मसात गर्नु पर्दछ ।

महालेखापरीक्षकको कार्ययोजना कार्यान्वयन उपलब्धी

७ जेष्ठ, २०८०

